# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## लुम्बिनी प्रदेश

### वार्षिक प्रतिवेदन

(आ.व.२०८०/८१)




नेपाल राष्ट्र बैंक

सिद्धार्थनगर कार्यालय

(२०८१ पुस)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल गर्न तथा नेपाल सरकारको आर्थिक सल्लाहकारको भूमिका निर्वाह गर्न नेपाल राष्ट्र बैंकले देशको समष्टिगत अर्थतन्त्रमा प्रभाव पार्ने कृषि, सिँचाई, उद्योग, वन, पूर्वाधार, सेवा लगायतका क्षेत्रहरु एवम् समग्र आर्थिक स्थायित्वमा प्रभाव पार्ने वित्तीय अवस्था, मुद्राप्रदाय, मूल्य स्थिरता, शोधनान्तर अवस्था जस्ता क्षेत्रहरुमा अध्ययन/अनुसन्धान गर्ने गर्दछ । देश संघीय संरचनामा प्रवेश भएसँगै यस बैंकका प्रादेशिक कार्यालयहरुबाट सम्बन्धित प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा अध्ययन/अनुसन्धान गरी **प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** तयार गर्ने र त्यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी प्रत्येक आर्थिक वर्षमा दुई पटक प्रकाशन गर्ने कार्य सम्पन्न हुँदै आएको छ ।

यसै सिलसिलामा लुम्बिनी प्रदेशस्थित १२ वटा जिल्लाहरु रुपन्देही, कपिलवस्तु, नवलपरासी (ब.सु.प.), पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, रुकुम पूर्व, रोल्पा र प्यूठानलाई समेटी यस बैंकको प्रादेशिक कार्यालय सिद्धार्थनगरले लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गरेको छ । यस प्रतिवेदनमा लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाहरुको कृषि, उद्योग, सेवा, पूर्वाधार लगायतका अन्य विर्षयहरु समेटी निर्दिष्ट ढाँचामा तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण गर्नुका साथै क्षेत्रगत चुनौती र सम्भावनाहरु समेटिएका छन् । यो प्रतिवेदन तयार गर्दा प्राथमिक तथा द्धितीय तथ्याङ्कको प्रयोग गरिएको छ । यो प्रतिवेदन तीनै तहका सरकार, निजी क्षेत्र, शोधकर्ता, विद्यार्थी लगायतका सरोकारवालाहरुलाई उपयोगी हुने मैले विश्वास लिएको छु ।

प्रतिवेदन तयार गर्ने क्रममा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालय तथा मातहतका कार्यालयहरु, जिल्लास्थित सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने उप-निर्देशकद्धय श्री छविलाल घिमिरे र श्री लवली श्रीवास्तवलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाई सिद्धार्थनगरका सहायक निर्देशक श्री सन्तोष गुप्ता, सहायक निर्देशक श्री देवराज ज्ञवाली, प्रधान सहायक श्री पदम राज भुसाल, प्रधान सहायक श्री दीपक गौतम र सहायक श्री दिक्षा अर्याल एवम् आर्थिक अनुसन्धान इकाई नेपालगञ्जका सहायक निर्देशक श्री माम राज पाथिक, सहायक निर्देशक श्री रेणु सुवाल, सहायक श्री रोशन न्यौपाने र सहायक श्री आश्रित ओझालाई समेत धन्यवाद दिन चाहन्छु ।

**विज्ञान राज सुवेदी**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर**

# विषय-सूची

पेज नं.

**कार्यकारी सारांश**


| | | | |
|---|---|---|---|
| **परिच्छेद १** | **अध्ययन परिचय** | | |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| | १.३ | अध्ययन सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २** | **प्रदेशको तुलनात्मक स्थिति** | | |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ३ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ५ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ | कृषि उत्पादन | ८ |
| | ३.३ | पशुपन्छी तथा माछा उत्पादन | १० |
| | ३.४ | वनजन्य उत्पादन | १२ |
| | ३.५ | सिँचाइ तथा मौसम | १२ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १५ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १७ |
| | ४.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | |
| | ५.१ | पर्यटन | १९ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २० |
| | ५.३ | वित्तीय सेवा | २० |
| | ५.४ | यातायात तथा सञ्चार | २३ |
| | ५.५ | शिक्षा तथा स्वास्थ्य सेवा | २४ |
| | ५.६ | परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री | २४ |
| | ५.७ | भारतीय मुद्रा खरिद/बिक्री | २४ |
| | ५.८ | मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी | २५ |
| | ५.९ | सेवा क्षेत्र कर्जा | २५ |
| | ५.१० | सहकारी | २५ |
| | ५.११ | सेवा क्षेत्रको चुनौती र सम्भावना | २६ |

**परिच्छेद ६ पूर्वाधार र रोजगारी**

| | | |
|---|---|---|
| ६.१ | पूर्वाधार क्षेत्र | २७ |
| ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३० |
| ६.३ | रोजगारी | ३१ |
| ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३१ |

**परिच्छेद ७ प्रादेशिक कार्यक्रम तथा योजना**

| | | |
|---|---|---|
| ७.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ३३ |
| ७.२ | स्थानीय तहको बजेटको प्रगति अवस्था | ३४ |

**परिच्छेद ८ आर्थिक परिदृष्य**

| | | |
|---|---|---|
| ८.१ | कृषि उत्पादन | ३६ |
| ८.२ | औद्योगिक उत्पादन | ३६ |
| ८.३ | सेवा क्षेत्र | ३६ |
| ८.४ | पूर्वाधार क्षेत्र | ३७ |

## बक्स-सूची


| | |
|---|---|
| | पेज नं. |
| बक्स १: त्रिपुट पशु तथा कृषि बहुउद्देश्यीय फर्म | ११ |
| बक्स २: हुन्डाई एसेम्ब्ली प्लान्ट | १७ |


## तालिका-सूची


| | |
|---|---|
| | पेज नं. |
| तालिका २.१: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान | ४ |
| तालिका २.२: प्रदेशगत आर्थिक वृद्धिदर | ४ |
| तालिका २.३: प्रदेशगत जनसङ्ख्या वितरण, लैङ्गिक अनुपात र जनघनत्व | ५ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र तथा जिल्लागत हिस्सा | ८ |
| तालिका ३.२: कृषि उपज उत्पादनको जिल्लागत उत्पादन तथा हिस्सा | १० |
| तालिका ३.३: पशुपन्छीजन्य तथा माछा उत्पादन र जिल्लागत हिस्सा | ११ |
| तालिका ३.४: कृषि कर्जाको जिल्लागत स्थिति | १३ |
| तालिका ४.१: उद्योगको जिल्लागत अवस्था | १५ |
| तालिका ४.२: औद्योगिक उत्पादन | १६ |
| तालिका ४.३: कुल औद्योगिक कर्जा र क्षेत्रगत हिस्सा | १८ |
| तालिका ५.१ पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर | १९ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | २० |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्था एवम् वित्तीय सेवाको अवस्था | २१ |
| तालिका ५.४: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था | २२ |
| तालिका ५.५: विपन्न वर्ग कर्जा, पुनरकर्जा र सहुलियतपूर्ण कर्जाको जिल्लागत अवस्था | २३ |
| तालिका ५.६: यातायात सेवाको अवस्था | २३ |
| तालिका ५.७: सञ्चार सेवाको अवस्था | २४ |
| तालिका ५.८: कुल सेवा कर्जाको जिल्लागत अवस्था | २५ |
| तालिका ५.९: सहकारी सेवा | २६ |
| तालिका ६.१: सडक पूर्वाधारको भौतिक प्रगति | २७ |
| तालिका ६.२: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ को वार्षिक रोजगारी विवरण | ३१ |
| तालिका ६.३: आ.व. २०८०/८१ को वार्षिक जिल्लागत रोजगारी विवरण | ३१ |
| तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति | ३३ |
| तालिका ७.२: आ.व. २०८०/८१ मा छनौटमा परेका स्थानीय तहहरुको खर्च | ३५ |
| तालिका ७.३: आ.व. २०८०/८१ मा छनौटमा परेका स्थानीय तहहरुको राजश्व तथा अनुदान | ३५ |
| तालिका ७.४: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण | ३५ |


## चार्ट-सूची


| | |
|---|---|
| | पेज नं. |
| चार्ट २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा | ३ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको अवस्था | ७ |
| चार्ट ३.२: खाद्य तथा अन्य बालीको उत्पादन | ९ |
| चार्ट ३.३: वनजन्य उत्पादन | १२ |
| चार्ट ३.४: सिञ्चित क्षेत्रफलमा स्रोतको हिस्सा | १३ |
| चार्ट ४.१: औद्योगिक क्षमता उपयोग | १६ |

## कार्यकारी सारांश

लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिल्लाहरुको स्थलगत भ्रमण तथा गैरस्थलगत माध्यमबाट तथ्याङ्क एवम् जानकारीहरु संकलन गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०८०/८१ को वार्षिक अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ।

### कृषि क्षेत्र

१. लुम्बिनी प्रदेशमा समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको तुलनामा १.३९ प्रतिशतले ह्रास भई ७ लाख ७९ हजार ४ सय २६ हेक्टर कायम भएको छ।

२. समीक्षा वर्षमा उन्नत बीउबिजनको प्रयोग एवम् रासायनिक मल तथा किटनाशक औषधीको सहजताका कारण क्षेत्रफल घटेतापनि यस प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको तुलनामा ८.१८ प्रतिशतले वृद्धि भई ३२ लाख ४७ हजार ४९ मेट्रिक टन भएको छ।

३. समीक्षा वर्षमा दुध, मासु र अण्डाको उत्पादन गत वर्षको तुलनामा क्रमशः ७.४५ प्रतिशत, १२.७५ प्रतिशत र ३२.९० प्रतिशतले ह्रास भएको छ भने माछाको उत्पादनमा सामान्य वृद्धि भएको छ।

४. समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको तुलनामा १४.९६ प्रतिशतले वृद्धि भएको छ।

५. समीक्षा वर्षमा कृषि क्षेत्रमा प्रवाहित कर्जा ३.०० प्रतिशतले ह्रास भएको छ भने कुल प्रवाहित कृषि कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ३९.८९ प्रतिशत र रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.३१ प्रतिशत मात्र रहेको छ।

### उद्योग क्षेत्र

६. समीक्षा वर्षमा यस प्रदेशका उद्योगहरुको औसत क्षमता उपयोग ४६.४१ प्रतिशत रहेको छ। नमूना छनौटमा परेका उद्योगहरुमध्ये कच्चा पदार्थको सहजताका साथै बजार माग वृद्धि भएका कारण रोजिन उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९२.४३ प्रतिशत र साबुन उद्योगको कच्चा पदार्थको गुणस्तरमा आएको कमीका कारण सबैभन्दा कम २.४१ प्रतिशत क्षमता उपयोग गरेका छन्।

७. समीक्षा वर्षमा औद्योगिक उत्पादनतर्फ सबैभन्दा बढी बिजुलीको तारको उत्पादन ५५.४३ प्रतिशतले वृद्धि भएको छ।

८. समीक्षा वर्षमा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा ४.४४ प्रतिशतले वृद्धि भएको छ। जसमध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन र गैरखाद्य वस्तुको उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जामा वृद्धि भएको छ भने अन्य क्षेत्रमा प्रवाहित कर्जामा ह्रास आएको छ।

### सेवा क्षेत्र

९. समीक्षा वर्षमा पर्यटक आगमन सङ्ख्यामा ५.३९ प्रतिशतले ह्रास आएतापनि आन्तरिक पर्यटकीय गतिविधि बढेका कारण छनौटमा परेका पर्यटकस्तरीय होटलहरुको शैया सङ्ख्या तथा अकुपेन्सी दरमा क्रमशः ८.०७ प्रतिशत र १३.७८ प्रतिशतले वृद्धि भएको छ।

१०. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्यामा २२.७२ प्रतिशतले ह्रास भएको छ। त्यस्तै, घरजग्गा रजिष्ट्रेशन वापत्को राजस्व रकम पनि गत वर्षको तुलनामा ३०.७९ प्रतिशतले ह्रास भएको छ।

११. २०८१ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले गरेको निक्षेप परिचालन २०८० असार मसान्तको तुलनामा १२.८० प्रतिशतले वृद्धि भएको छ भने कुल कर्जा प्रवाह १.३७ प्रतिशतले वृद्धि भएको छ।

१२. समीक्षा वर्षमा छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी, बचत परिचालन र ऋण प्रवाह क्रमशः १२.०३ प्रतिशत, १२.५१ प्रतिशत र ५.६१ प्रतिशते वृद्धि भएको छ।

**पूर्वाधार क्षेत्रः**

१३. २०८१ असार मसान्तसम्ममा नारायणघाट–बुटवल सडक (पश्चिम खण्ड) योजनाको भौतिक प्रगति ५२.६५ प्रतिशत र वित्तीय प्रगति ४४.३८ प्रतिशत भएको छ ।

१४. २०८१ असार मसान्तसम्ममा सिद्धबाबा सुरुङ मार्ग आयोजनाको भौतिक प्रगति १५.० प्रतिशत र वित्तीय प्रगति २३.८ प्रतिशत भएको छ ।

१५. २०८१ असार मसान्तसम्ममा सिक्टा सिँचाई आयोजनाको भौतिक प्रगति ४१.५८ प्रतिशत र वित्तीय प्रगति ४०.६२ प्रतिशत भएको छ ।

१६. २०८१ असार मसान्तसम्ममा बबई सिँचाई आयोजनाको भौतिक प्रगति ७२.२२ प्रतिशत र वित्तीय प्रगति ७०.८७ प्रतिशत भएको छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले देशको बैकिङ्ग तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको आन्तरिक तथा वाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयन मार्फत समष्टिगत आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएका उद्देश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)"को अधिनमा रही एक आर्थिक वर्षमा दुई पटक (वार्षिक तथा अर्ध-वार्षिक) आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गर्दै आएको छ । यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले लुम्बिनी प्रदेशका ८ वटा जिल्ला ( रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा) तथा नेपालगञ्ज कार्यालयले बाँके, बर्दिया, दाङ र रुकुमपूर्व गरी जम्मा १२ जिल्लाबाट २०८० साउन मसान्तदेखि २०८१ असार मसान्तसम्मको तथ्याङ्क संकलन गरी लुम्बिनी प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा लुम्बिनी प्रदेशका १२ जिल्लामा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरिएको छ । यस प्रतिवेदनमा मुख्यगरी कृषि, उद्योग, सेवा, पूर्वाधार तथा रोजगारी क्षेत्रको अवस्थाका साथै उक्त क्षेत्रहरुको चुनौती तथा सम्भावना एवम् आगामी परिदृष्य समेटिएको छ । साथै, यस प्रतिवेदनमा लुम्बिनी प्रदेश अर्न्तगत रहेका राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत योगदान, अन्य प्रदेशसँगको तुलना र प्रादेशिक कार्यक्रम तथा योजना समावेश गरिएको छ ।

समग्रमा देहाय बमोजिमको अध्ययन विधि यस प्रतिवेदनले अंगालेको छ ।

- यस प्रदेशका विभिन्न मन्त्रालय तथा निर्देशनालयहरु, मातहतका निकायहरुका साथै जिल्ला स्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ ।
- कृषि क्षेत्र सम्वन्धी तथ्याङ्क तथा जानकारीहरु संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु, जिल्ला वन कार्यालयहरुबाट संकलन गरिएको छ ।
- उद्योग सम्वन्धी तथ्याङ्क तथा जानकारीहरु नमूना छनौटमा परेका जम्मा २७ वटा उद्योगहरुबाट सङ्कलन गरिएको छ ।
- सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्वन्धी तथ्याङ्क तथा जानकारीहरु छनौटमा परेका १५ वटा होटल तथा होटल व्यवसायी संघबाट संकलन गरिएको छ भने अन्य तथ्याङ्कहरु सम्वन्धित स्थानीय निकायहरु, कार्यालयहरु तथा संस्थानहरुबाट संकलन गरिएको छ ।
- पूर्वाधार सम्बन्धी तथ्याङ्क एवम् जानकारी यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा खानेपानी मन्त्रालय, सडक डिभिजन कार्यालय, नगरपालिकाहरू र प्रदेशस्थित प्रमुख आयोजनाहरुबाट संकलन गरिएको छ ।
- प्रादेशिक सरकारी वित्त सम्बन्धी विवरण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र वैदेशिक व्यापार सम्बन्धी विवरण सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट प्राप्त गरिएको छ ।

- प्रदेश सरकारको कार्यक्रम तथा परियोजना, स्थानीय तहको कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयन सम्बन्धी विवरण लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय तथा छनौटमा परेका ५ वटा स्थानीय तहहरुबाट लिइएको छ ।
- यस प्रतिवेदनका लागि आवश्यक सम्पूर्ण बैकिङ्ग तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान बिभागबाट प्राप्त गरिएको छ ।

## १.३ अध्ययनको सीमा

देश प्रादेशिक संरचनामा गए पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको समेत पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पनि निरन्तर रहेकाले पूर्ण एवं अद्यावधिक तथ्याङ्क प्राप्त गर्न अझै कठिनाई रहेको छ । मुख्यतः देहायको सीमाभित्र रहेर यो प्रतिवेदन तयार गरिएको छ ।

- यस अध्ययनमा नमूना छनौटमा परेका २७ वटा उद्योग, १५ वटा होटल, १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क एवं सूचनाहरु मात्र समावेश गरिएको छ ।
- लुम्बिनी प्रदेशका ३६ वटा स्थानीय तहहरु (उप महानगरपालिका/नगरपालिका) बाट घरनक्सा पास तथा ५ वटा ठूला स्थानीय तहहरुको मात्र वित्त स्थितिको तथ्याङ्क संकलन गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनलाई ८ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ देखि परिच्छेद ८ सम्म क्रमशः अध्ययन परिचय, प्रदेशको तुलनात्मक स्थिति, कृषि क्षेत्र, उद्योग क्षेत्र, सेवा क्षेत्र, पूर्वाधार तथा रोजगारी, प्रादेशिक कार्यक्रम तथा योजना र आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

कृषि, पर्यटन तथा औद्योगिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने लुम्बिनी प्रदेशले नेपालको कुल क्षेत्रफलको १२.१ प्रतिशत हिस्सा ओगटेको छ । यस प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु रहेका छन् ।


यस परिच्छेदमा लुम्बिनी प्रदेशको भूभाग, जनसङ्ख्या, राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको योगदान, कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत स्थिति, अन्तर प्रदेश तुलना र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती समावेश गरिएको छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ता मूल्यमा ४.०५ प्रतिशत पुग्ने अनुमान रहेको छ भने गत आर्थिक वर्ष यस्तो वृद्धिदर १.९९ प्रतिशत रहेको संशोधित अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १४.२६ प्रतिशत रहने अनुमान रहेको छ । त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरलाई क्षेत्रगत रुपमा हेर्दा आ.व २०८०/८१ मा सबैभन्दा धेरै विद्युत क्षेत्रको २८.९३ प्रतिशत रहने अनुमान गरिएको छ भने सबैभन्दा कम उत्पादनमूलक उद्योगमा -१.४३ प्रतिशत हुने अनुमान गरिएको छ ।

औद्योगिक वर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी २९.६३ प्रतिशत रहने अनुमान रहेको छ भने सबैभन्दा कम प्रशासनिक सहयोगी सेवा क्षेत्रको ०.३४ प्रतिशत रहने अनुमान छ (चार्ट २.१) ।

**चार्ट २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गिकरणको हिस्सा (प्रतिशतमा)**




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.२ अन्तरप्रदेश तुलना

### कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान तथा संरचना

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५७ खर्ब ४ अर्ब रहने अनुमान छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशले सबैभन्दा धेरै ३६.३६ प्रतिशत र कर्णाली प्रदेशले सबैभन्दा कम ४.२८ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान रहेको छ। त्यस्तै, लुम्बिनी प्रदेशले १४.२७ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान छ । प्रदेशगत रुपमा कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत तुलना गर्दा कृषि क्षेत्रको सबैभन्दा बढी योगदान कोशी प्रदेशको २१.६ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको ५.२ प्रतिशत रहने अनुमान गरिएको छ । उद्योग क्षेत्रको योगदान बागमती प्रदेशमा सबैभन्दा बढी ३१.४

प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ३.२ प्रतिशत हुने अनुमान रहेको छ । सेवा क्षेत्रको योगदान बागमती प्रदेशको सबैभन्दा बढी ४४.८ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत हुने अनुमान रहेको छ । त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको कृषि, उद्योग तथा सेवा क्षेत्रको योगदान क्रमशः १७.५ प्रतिशत, १५.५ प्रतिशत र १२.८ प्रतिशत रहने अनुमान गरिएको छ (तालिका २.१) ।

**तालिका २.१ : राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व.२०८०/८१)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९०३.०५ | ७४८.३७ | २,०७४.४१ | ५१६.७० | ८१४.०४ | २४३.९९ | ४०४.२९ | ५,७०४.८५ |
| कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत हिस्सा ( प्रतिशतमा) | १५.८३ | १३.१२ | ३६.३६ | ९.०६ | १४.२७ | ४.२८ | ७.०९ | १००.०० |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५६ | १९.१६ | १७.१२ | ९.६८ | १७.५४ | ५.२४ | ९.७१ | २४.१ |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.८८ | १०.९७ | ३१.४१ | १२.१५ | १५.४८ | ३.१९ | ६.९१ | १३ |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.८१ | ११.२५ | ४४.७५ | ८.१९ | १२.७५ | ४.१३ | ६.१२ | ६२.९ |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## प्रदेशगत आर्थिक वृद्धिदर

आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत रुपमा उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै गण्डकी प्रदेशको ४.५५ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको ३.३९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । त्यस्तो वृद्धिदर लुम्बिनी प्रदेशको ४.०५ प्रतिशत रहने अनुमान छ । अघिल्लो वर्षमा प्रदेशगत आर्थिक वृद्धिदरको संशोधित अनुमान गण्डकी प्रदेशको सबैभन्दा धेरै ३.३० प्रतिशत रहेको थियो भने मधेश प्रदेशको सबैभन्दा कम १.५० प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत पुग्ने प्रारम्भिक अनुमान रहेको छ भने गत आर्थिक वर्ष नेपालको संशोधित आर्थिक वृद्धिदर १.९५ प्रतिशत रहेको थियो (तालिका २.२) ।

**तालिका २.२ : प्रदेशगत आर्थिक वृद्धिदर (प्रतिशतमा)**

| प्रदेश | २०७९/८० (संशोधित अनुमान) | २०८०/८१ (प्रारम्भिक अनुमान) |
|---|---|---|
| कोशी | २.१३ | ३.५१ |
| मधेश | १.५० | ३.७८ |
| बागमती | १.७७ | ३.९६ |
| गण्डकी | ३.३० | ४.५५ |
| **लुम्बिनी** | **१.९९** | **४.०५** |
| कर्णाली | १.९६ | ३.३९ |
| सुदूरपश्चिम | १.५२ | ३.४१ |
| **नेपाल** | **१.९५** | **३.८७** |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

### प्रदेशगत जनसङ्ख्या वितरण, लैङ्गिक अनुपात र जनघनत्व

राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशगत रुपमा जनसङ्ख्याको वितरण हेर्दा कुल जनसङ्ख्यामा सबैभन्दा धेरै मधेश प्रदेशको २१ प्रतिशत हिस्सा रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.८ प्रतिशत रहेको छ। त्यस्तै, लुम्बिनी प्रदेशको हिस्सा १७.६ प्रतिशत रहेको छ। त्यसैगरी सात वटा प्रदेशहरुमध्ये सबैभन्दा धेरै मधेश प्रदेशको १००.५५ लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) रहेको छ भने लुम्बिनी प्रदेशमा यो अनुपात ९२.०१ रहेको छ। प्रदेशगत जनघनत्व विश्लेषण गर्दा सबै भन्दा धेरै मधेश प्रदेशको ६३३ र सबै भन्दा कम कर्णाली प्रदेशको ६० जना प्रति वर्ग किलोमिटर रहेको छ भने लुम्बिनी प्रदेशको २३० जना प्रति वर्ग किलोमिटर रहेको छ (तालिका :२.३)।

**तालिका २.३ : प्रदेशगत जनसङ्ख्या वितरण, लैङ्गिक अनुपात र जनघनत्व**

| प्रदेश | जनसङ्ख्या वितरण (प्रतिशतमा) | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|---|
| कोशी | १७ | ९५.०२ | १९२ |
| मधेश | २१ | १००.५५ | ६३३ |
| बागमती | २१ | ९९.३६ | ३०१ |
| गण्डकी | ८.५ | ९०.३७ | ११५ |
| **लुम्बिनी** | **१७.६** | **९२.०१** | **२३०** |
| कर्णाली | ५.८ | ९५.२७ | ६० |
| सुदूरपश्चिम | ९.२ | ८९.५१ | १३८ |
| **नेपाल** | **१००** | **९५.५९** | **१९८** |

*स्रोत :राष्ट्रिय जनगणना, २०७८*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### प्रादेशिक क्षमता र सम्भावना

- भौगोलिक हिसावले विविधता रहेको यस प्रदेशमा सिँचाइमा सुधार, कृषि, वन प्रवर्द्धन, माछा उत्पादनको लागि कृत्रिम जलाशय विस्तार गर्ने जस्ता कार्यक्रमहरु रहनुका साथै किसानहरुले निजी जग्गामा समेत जडिबुटी खेती गर्न उत्साहित देखिएको हुँदा प्रदेशको कृषि, पशुपन्छीजन्य तथा वनजन्य उत्पादन बढ्न सक्ने।
- यस प्रदेशमा चुन ढुङ्गाको खानी र सिमेन्ट उत्पादनको सम्भावना भएकाले निर्यात बढ्न सक्ने।
- धार्मिक एवम् ऐतिहासिक हिसावले महत्वपूर्ण रहेको यस प्रदेशमा हाल विस्तार भएका विमानस्थल, केवलकार, होटल तथा रेष्टुरेण्टहरुको पूर्ण क्षमतामा सञ्चालन हुन सकेमा पर्यटकीय गतिविधि तथा सेवा क्षेत्रमा रोजगारी वृद्धि हुन सक्ने।
- यस प्रदेशका निर्माणाधीन सडक, सिँचाइ, विशेष औद्योगिक क्षेत्र, विद्युत लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपश्चात् यस प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको थप विकास तथा विस्तार हुन सक्ने।

### प्रादेशिक चुनौती

- कृषि विशेषज्ञहरुलाई स्वदेशमै परिचालन गरी परम्परागत/निर्वाहमुखी कृषिलाई आधुनिक एवम् व्यवसायिकतामा रुपान्तरण गर्न थप आवश्यक पूर्वाधारहरु निर्माण गर्दै मूल्य तथा बजारको सु–निश्चितता प्रदान गरी युवा वर्गलाई कृषि क्षेत्रमा आकर्षित गर्नु।

- यस प्रदेशमा आउने पर्यटकहरुले सीमित पर्यटकीय स्थलहरुको मात्र अवलोकन पश्चात भारत तथा अन्य प्रदेशमा जाने प्रवृत्तिलाई रोक्न यस क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका पर्यटकीय स्थलमा थप पूर्वाधारहरु बिस्तार गरी पर्यटकहरुको बसाइ अवधि लम्ब्याउनु ।
- स्थानीय तथा रैथाने कच्चा पदार्थलाई आधुनिक प्रविधिसँग जोडी लुम्बिनी प्रदेशलाई साना तथा मझौला उद्यमको हवको रुपमा विकास गर्नु ।
- पहिल्लो समय निर्माणाधीन अवस्थामा रहेका सडक, सिँचाइ तथा अन्य आयोजनाहरुको निर्माण कार्य तोकिएको समय अवधि भित्रमा सम्पन्न गर्नु ।
- यस प्रदेशको प्रमुख व्यापारिक क्षेत्र बुटवलबाट सबैभन्दा कम दुरीमा रहेको पाल्पा तथा गुल्मी जिल्लामा आन्तरिक एवम् बाह्य पर्यटकको उच्च सम्भावना रहँदा रहदै पनि सिद्धार्थ राजमार्गको बुटवल–पाल्पा सडकखण्ड बढी जोखिमयुक्त हुनाले आन्तरिक एवम् बाह्य पर्यटक भित्र्याउनु ।


# परिच्छेद ३

# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### खाद्य तथा अन्य बाली

लुम्बिनी प्रदेशमा समीक्षा बर्षमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको तुलनामा १.३९ प्रतिशतले ह्रास भई ७ लाख ७९ हजार ४ सय २६ हेक्टर कायम भएको छ । गत वर्ष यस्तो क्षेत्रफल १.८३ प्रतिशतले घटेको थियो । समीक्षा बर्षमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल मध्ये जौ, कोदो, आलु, गहुँ, भटमास र धान बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने फापर, मकै, उखु, दलहन र तेलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ । जिल्लागत विश्लेषण गर्दा समीक्षा बर्षमा यस प्रदेशमा खाद्य तथा अन्न बालीले ढाकेको क्षेत्रफलमा सबैभन्दा धेरै हिस्सा बर्दिया जिल्लाको १४.७९ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.५१ प्रतिशत रहेको छ (चार्ट ३.१) ।




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### तरकारी बाली

समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल गत वर्षको तुलनामा ३.१२ प्रतिशतले वृद्धि भई ४४ हजार ४ सय ८४ हेक्टर पुगेको छ भने गत वर्ष यसको क्षेत्रफल ३.०८ प्रतिशतले बढेको थियो ।

### फलफूल

समीक्षा वर्षमा फलफूलले ढाकेको क्षेत्रफल गत वर्षको तुलनामा ८.६३ प्रतिशतले वृद्धि भई २६ हजार ५ सय ५१ हेक्टर कायम भएको छ । गत वर्ष फलफूलले ढाकेको क्षेत्रफल ६.४१ प्रतिशतले बढेको थियो । जिल्लागत विश्लेषण गर्दा समीक्षा वर्षमा यस प्रदेशमा फलफूलले ढाकेको क्षेत्रफलमा सबैभन्दा धेरै हिस्सा नवलपरासी (ब.सु.प) जिल्लाको १७.६२ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.२८ प्रतिशत रहेको छ (तालिका ३.१) ।

### मसला

समीक्षा वर्षमा मसलाले ढाकेको क्षेत्रफल गत वर्षको तुलनामा ५.८२ प्रतिशतले ह्रास भई १२ हजार ६ सय ६३ हेक्टरमा सिमित भएको छ । समीक्षा वर्षमा मसलाले ढाकेको क्षेत्रफलमध्ये लसुन र बेसारले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने अन्य मसला, अलैची, अदुवा र प्याजले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ । (तालिका ३.१) ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र तथा जिल्लागत हिस्सा**

| जिल्ला | क्षेत्रफल | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी | फलफूल | मसला |
| रुकुमपूर्व | ११७५५ | १६२२ | ३४० | ६६५ | १.५१ | ३.६५ | १.२८ | ५.२८ |
| रोल्पा | ३२२७७.७ | २२४५ | ३१५७ | १६६१ | ४.१४ | ५.०५ | ११.८९ | १३.१२ |
| प्यूठान | ३४३७२ | १२५६ | २१३९ | ११७० | ४.४१ | २.८२ | ८.०६ | ९.२४ |
| गुल्मी | ४३८८८ | १६८७ | १९७२ | ५८६ | ५.६३ | ३.७९ | ७.४३ | ४.६३ |
| अर्घाखाँची | ३३५१० | १५३९ | २३४६ | ७२२ | ४.३० | ३.४६ | ८.८४ | ५.७० |
| पाल्पा | ४२१०० | २७२० | २०३५ | १५७७ | ५.४० | ६.११ | ७.६६ | १२.४५ |
| नवलपरासी (ब.सु.प) | ४४१०८ | २६३५ | ४६७९ | १४४९ | ५.६६ | ५.९२ | १७.६२ | ११.४४ |
| रुपन्देही | १०८४०५ | ६५७८ | १८८५ | ८५८ | १३.९१ | १४.७९ | ७.१० | ६.७८ |
| कपिलवस्तु | ११३९३३ | ३४६२ | २०४७ | ९६१ | १४.६२ | ७.७८ | ७.७१ | ७.५९ |
| दाङ | १०९२१८ | ७६०३ | २६१६ | १४६२ | १४.०१ | १७.०९ | ९.८५ | ११.५५ |
| बाँके | ९०५५९२ | ६५२३ | १२६८ | ४८१ | ११.६२ | १४.६६ | ४.७८ | ३.८० |
| बर्दिया | ११५३०० | ६६१४ | २०६७ | १०७१ | १४.७९ | १४.८७ | ७.७९ | ८.४६ |
| **कुल** | **७७९४२५.७** | **४४४८४** | **२६५५१** | **१२६६३** | **१००** | **१००** | **१००** | **१००** |


*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## ३.२ कृषि उत्पादन

### खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन आ.व २०७९/८० को तुलनामा ८.१८ प्रतिशतले वृद्धि भई ३२ लाख ४७ हजार ४९ मेट्रिक टन भएको छ । गत वर्ष यस्तो उत्पादन ३.५७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा बर्षमा खाद्य तथा अन्य बालीको कुल उत्पादनमध्ये दलहन, कोदो, धान, गहुँ र आलु बालीको उत्पादनमा वृद्धि भएको छ भने, फाफर, जौ, भटमास, मकै र उखु बालीको उत्पादनमा ह्रास आएको छ । उन्नत बीउ बिजनको प्रयोग हुनुका साथै रासायनिक मल तथा किटनाशक औषधीको सहजताका कारण धान, मकै, गहुँ लगायतका बालीहरुको उत्पादन बढेको छ । यस प्रदेशमा खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन विश्लेषण गर्दा सबैभन्दा धेरै योगदान कपिलवस्तु जिल्लाको २०.१५ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.०६ प्रतिशत योगदान रहेको छ (चार्ट ३.२)।

**चार्ट ३.२: खाद्य तथा अन्य बालीको उत्पादन अवस्था (हजार मे.ट.)**




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## तरकारी बाली

समीक्षा वर्षमा तरकारी बालीको उत्पादन गत वर्षको तुलनामा २.६३ प्रतिशतले वृद्धि भई ५ लाख ७६ हजार २ सय ८१ मेट्रिक टन पुगेको छ । गत वर्ष पनि यस्तो उत्पादन १.२२ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा तरकारी बालीको उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको १८.७५ प्रतिशत र सबैभन्दा कम प्युठान जिल्लाको २.४७ प्रतिशत रहेको छ (तालिका ३.२) ।

## फलफूल

समीक्षा वर्षमा यस प्रदेशमा फलफूलको उत्पादन गत वर्षको तुलनामा ७.४२ प्रतिशतले वृद्धि भई २ लाख ३९ हजार ४ सय ८५ मेट्रिक टन पुगेको छ । गत वर्ष पनि यस्तो उत्पादन २७.२० प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा फलफूल उत्पादनमा सबैभन्दा बढी हिस्सा नवलपरासी (ब.सु.प) जिल्लाको २६.४९ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्व जिल्लाको ०.८१ प्रतिशत रहेको छ (तालिका ३.२) ।

## मसला

समीक्षा वर्षमा मसलाको उत्पादन गत वर्षको तुलनामा ३.७७ प्रतिशतले ह्रास भई १ लाख १७ हजार ८ सय ५८ मेट्रिक टन भएको छ । गत वर्ष यस्तो उत्पादन २.८५ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा मसला उत्पादनमा सबैभन्दा बढी हिस्सा रोल्पा जिल्लाको १५.६९ प्रतिशत र सबैभन्दा कम नवलपरासी ( ब.सु.प )जिल्लाको ४.०६ प्रतिशत रहेको छ (तालिका ३.२) ।

**तालिका ३.२: कृषि उपजको जिल्लागत उत्पादन तथा हिस्सा**

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी बाली | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) |
| रुकुमपूर्व | ३४४६३.५४ | १.०६ | २०४५५ | ३.५५ | १९२८.२३ | ०.८१ | ७३०० | ६.१९ |
| रोल्पा | ११५३८९.४९ | ३.५५ | २३५७६ | ४.०९ | २३१८५ | ९.६८ | १८४९७ | १५.६९ |
| प्यूठान | ११७२५०.७५ | ३.६१ | १४२३५.८ | २.४७ | ५९४२.०४ | २.४८ | १०९३६.५ | ९.२८ |
| गुल्मी | १३९९८८.७५ | ४.३१ | १९७५७.३ | ३.४३ | १२५२७.४ | ५.२३ | ६०८०.९१ | ५.१६ |
| अर्घाखाँची | ११६८५३.०२ | ३.६० | १८५२५ | ३.२१ | १५८९४ | ६.६४ | ७२३४ | ६.१४ |
| पाल्पा | १२४३४१.४५ | ३.८३ | ४३२०१ | ७.५० | १६३४७ | ६.८३ | १७५५४.१८ | १४.८९ |
| नवलपरासी (ब.सु.प.) | ३२६७२५.३० | १०.०६ | ३१३५६ | ५.४४ | ६३४३१ | २६.४९ | ४७८० | ४.०६ |
| रुपन्देही | ४६३५९७.४२ | १४.२८ | १०८०७१ | १८.७५ | १९२८७.५२ | ८.०५ | ९४९८.४८ | ८.०६ |
| कपिलवस्तु | ६५४२१०.५० | २०.१५ | ४९२१० | ८.५४ | २११८३ | ८.८५ | ६५१२ | ५.५३ |
| दाङ | ३५३३३२.३३ | १०.८८ | १०७२०२.२ | १८.६० | १८२०४ | ७.६० | १५८४०.८ | १३.४९ |
| बाँके | ३५६११७.१२ | १०.९७ | ७२५६८ | १२.५९ | १२५९१ | ५.२६ | ४१८३.३६ | ३.५५ |
| बर्दिया | ४४४७७९ | १३.७० | ६८१२४ | ११.८२ | २८९६४.५ | १२.०९ | ९३७९.१२ | ७.९६ |
| **कुल** | **३२४७०४८.७** | **१००** | **५७६२८१.३** | **१००** | **२३९४८४.७** | **१००** | **११७८५८.३५** | **१००** |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

### दुध उत्पादन

समीक्षा वर्षमा दुध उत्पादन गत वर्षको तुलनामा ७.४५ प्रतिशतले ह्रास भई ५ लाख १३ हजार ८ सय ६६ हजार लिटर भएको छ भने गत वर्ष यस्तो उत्पादन ८.३५ प्रतिशतले वृद्धि भएको थियो । रुपन्देही, दाङ, नवलपरासी (ब.सु.प.), अर्घाखाँची लगायतका जिल्लाहरुमा व्यावसायिक गाई/भैंसी पालनबाट कृषकहरु अन्य व्यवसायमा लागेका कारण समीक्षा वर्षमा गत वर्षको तुलनामा दुध उत्पादनमा ह्रास भएको हो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशको दुधको उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको २२.५४ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.६८ प्रतिशत रहेको छ (तालिका ३.३) ।

### मासु उत्पादन

समीक्षा वर्षमा मासुको उत्पादन गत वर्षको तुलनामा १२.७५ प्रतिशतले ह्रास भई ८५ हजार ७ सय १७ मेट्रिक टन पुगेको छ भने गत वर्ष यस्तो उत्पादन २.१६ प्रतिशतले वृद्धि भएको थियो । रुपन्देही, दाङ, नवलपरासी ( ब.सु.प ), लगायतका जिल्लाहरुमा व्यावसायिक भैंसी/राँगो पालनमा कमी आएका कारण समीक्षा वर्षमा गत वर्षको सोही अवधिको तुलनामा मासु उत्पादनमा ह्रास भएको हो । समीक्षा वर्षमा मासु उत्पादनमध्ये संगुर/बंगुर र भैंसी/राँगोको मासु उत्पादन गत वर्षको सोही अवधिको तुलनामा क्रमशः ३९.०९ प्रतिशत र २३.५१ प्रतिशतले ह्रास भएको छ भने कुखुरा र खसी/बोका/भेडाको मासु उत्पादनमा क्रमशः २३.८८ प्रतिशत र ७.७३ प्रतिशतले वृद्धि भएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल मासु उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको १९.०५ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.६८ प्रतिशत रहेको छ (तालिका ३.३) ।

### अण्डा उत्पादन

समीक्षा वर्षमा अण्डा उत्पादन गत वर्षको तुलनामा ३२.९० प्रतिशतले ह्रास भई २२.४६ करोड गोटा भएको छ भने गत वर्ष यस्तो उत्पादन ३.२६ प्रतिशतले वृद्धि भएको थियो ।

### माछा उत्पादन

समीक्षा वर्षमा माछा उत्पादन गत वर्षको तुलनामा ०.१८ प्रतिशतले वृद्धि भई १६ हजार ६ सय ९५ मेट्रिक टन पुगेको छ । गत वर्ष यस्तो उत्पादन १०.५७ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ३.३ : पशुपन्छीजन्य तथा माछा उत्पादन र जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | दुध | | मासु | | अण्डा | | माछा | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार.लि.) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार.गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) |
| रुपन्देही | ११५८०७ | २२.५४ | १६३२८.६ | १९.०५ | १८६७२ | ८.३१ | ७१०८ | ४२.५७ |
| कपिलवस्तु | ४४२०० | ८.६० | ८२९४ | ९.६८ | ८३७० | ३.७३ | २९७० | १७.७९ |
| नवलपरासी (ब.सु.प.) | २९७५७ | ५.७९ | ४५११ | ५.२६ | ६९६७ | ३.१० | ११४५.६७ | ६.८६ |
| पाल्पा | ५३११९ | १०.३४ | १०४८८ | १२.२४ | १७८२१.९६ | ७.९४ | ७.७१ | ०.०५ |
| गुल्मी | २७७१३ | ५.३९ | ३१२९ | ३.६५ | ३५०२ | १.५६ | ९.४४ | ०.०६ |
| अर्घाखाँची | ३५२८० | ६.८७ | ३७१७ | ४.३४ | ७७३४ | ३.४४ | ५.८० | ०.०३ |
| रोल्पा | १६६२८ | ३.२४ | ३३२३ | ३.८८ | ३३८५ | १.५१ | ९३८ | ५.६२ |
| प्यूठान | १८९७८ | ३.६९ | ३८१५ | ४.४५ | ११३२४ | ५.०४ | ११.७७ | ०.०७ |
| बाँके | ८६८६३ | १६.९० | १२२२३.५ | १४.२६ | ३१०३३ | १३.८२ | १५१९ | ९.१० |
| बर्दिया | ४८०७२ | ९.३५ | ७६९४ | ८.९८ | २१२४० | ९.४६ | २२०० | १३.१८ |
| दाङ | ३३९३६ | ६.६० | १०७५१.४६ | १२.५४ | ९३४३६.९८ | ४१.६० | ७७९.६३ | ४.६७ |
| रुकुमपूर्व | ३५१३ | ०.६८ | १४४२ | १.६८ | ११०४ | ०.४९ | ०.२४ | ०.०० |
| **कुल** | **५१३८६६** | **१००** | **८५७१६.५६** | **१००** | **२२४५८९.९** | **१००.००** | **१६६९५.३** | **१००** |

*स्रोतः अध्ययनमा समेटिएका भेटेरिनरी अस्पतालहरु*

**बक्स नं १: त्रिपुट पशु तथा कृषि बहुउद्देश्यीय फर्म**

पाल्पा जिल्लाको रिब्दीकोट गाउँपालिका वडा नं. ७ स्थित प्रभात माध्यमिक विद्यालयका शिक्षक जनक आचार्यले वि.सं.२०७८ सालमा घरेलु तथा साना उद्योग कार्यालय, पाल्पामा त्रिपुट पशु तथा कृषि बहुउद्देश्यीय फर्म दर्ता गराई सञ्चालन गर्दै आएका छन् । उक्त फर्मको मुख्य उद्देश्य अकबरे खुर्सानी उत्पादन, खरिद, विक्री तथा प्रशोधन गर्नु रहेको छ ।





शुरुमा करिब रु.२४ लाखको लगानी तथा १३५ रोपनी क्षेत्रफलमा फैलिएको सो फर्मले हाल अकबरे खुर्सानी तथा सुन्तला जातका फलफूल समेत उत्पादन गर्दै आएको छ । उक्त फर्मको उत्पादनबाट प्रोत्साहित भएर हाल रिब्दीकोट गाउँपालिकाका ८०२ किसानले करिब १५४४ रोपनी क्षेत्रफलमा अकबरे खुर्सानीको खेती गर्दै आएका छन् । प्रति रोपनी करिब एक हजार बोट रोप्न सकिने तथा छ महिना पश्चात् प्रतिफल प्राप्त हुने र तीन वर्षसम्म टिकाउ हुने अकबरे खुर्सानीबाट राम्रो आम्दानी हुने देखेर रिब्दीकोट

गाउँपालिकाका आठवटा वडा एवम् छिमेकी जिल्ला गुल्मी तथा अर्घाखाँचीमा समेत उक्त खेती विस्तार भएको छ। पहिलो वर्षमा छ जनालाई प्रत्यक्ष रोजगारी दिएको त्रिपूट पशु तथा कृषि बहुउद्देश्यीय फर्मले हाल एक जनालाई नियमित रोजगारी दिनुका साथै सयौंको संख्यामा मौसमी रोजगारी प्रदान गर्दै आएको छ । हाल उक्त फर्मले रिब्दीकोट गाउँपालिका- ३, हार्थोक, पाल्पामा सङ्कलन केन्द्र समेत स्थापना गरेको छ । उक्त केन्द्रले फर्मद्वारा तोकिएको न्यूनतम समर्थन मूल्यमा किसानको खुर्सानी खरिद समेत गर्दै आएको छ। उक्त फर्मबाट उत्पादन हुने खुर्सानीको मुख्य बजार क्षेत्र रुपन्देही, पोखरा र बर्दिया जिल्ला हुन् । यसका साथ पछिल्लो समयमा अकबरे खुर्सानीको माग कतार, जर्मनी, अष्ट्रेलिया लगायतका देशहरुबाट समेत हुने गरेकाले उक्त देशहरुमा निर्यातको सम्भावना समेत रहेको छ । पछिल्लो समय निर्यात गर्न सकिने सम्भावना बोकेको अकबरे खुर्सानीको क्षेत्रफल विस्तार भएतापनि विज्ञ एवम् सामान्य कामदारको अभाव, पूँजीको अपर्याप्तता, उपकरणको अभाव र रोग/किराका समस्याहरु किसानहरुले भोगिरहेको अवस्था देखिन्छ।

*स्रोतः त्रिपूट पशु तथा कृषि बहुउद्देश्यीय फर्म*

### ३.४ वनजन्य उत्पादन


समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको तुलनामा १४.९६ प्रतिशतले वृद्धि भई ३६ लाख ६८ हजार २९ क्यूविक फिट पुगेको छ। दाउरा उत्पादन २२.९५ प्रतिशतले वृद्धि भई ८ हजार ५ सय ३२ चट्टा पुगेको छ। गत वर्ष काठको उत्पादन ४६.८८ प्रतिशत र दाउराको उत्पादन ६८.६३ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा वर्षमा औषधीजन्य वस्तु उत्पादन ८.७५ प्रतिशतले बढेको छ भने गत वर्ष औषधीजन्य वस्तु उत्पादनमा ४४.४१ प्रतिशतले ह्रास भएको थियो (चार्ट ३.३)।




*स्रोतः अध्ययनमा समेटिएका वन कार्यालयहरु*

### ३.५ सिँचाई तथा मौसम

समीक्षा वर्षमा यस प्रदेशको कुल सिँचित क्षेत्रफल गत वर्षको तुलनामा २.३२ प्रतिशतले वृद्धि भई २ लाख ५४ हजार २ सय ९५ हेक्टर पुगेको छ। गत वर्षमा यस्तो क्षेत्रफल २.२६ प्रतिशतले वृद्धि भएको थियो। २०८१ असार मसान्तसम्म यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमा ४५.३० प्रतिशत मात्र सिँचाइ सुविधा पुगेको छ । सिँचाईका स्रोतहरुमध्ये सबैभन्दा बढी योगदान नहरको ५५.३४ प्रतिशत र सबैभन्दा कम पोखरीको ०.५७ प्रतिशत रहेको छ (चार्ट :३.४)।




*स्रोत: अध्ययनमा समेटिएका सिँचाइ कार्यालयहरु*

## ३.६ क्षेत्रगत कृषि कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार २०८१ असार मसान्तमा यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कुल कृषि कर्जा २०८० असार मसान्तको तुलनामा ३ प्रतिशतले ह्रास भई रु.५२ अर्ब ४८ करोड ४२ लाखमा सीमित भएको छ । २०८० असार मसान्तमा यस्तो कर्जाको बक्यौदा रु.५४ अर्ब १० करोड ६७ लाख रहेको थियो । २०८१ असार मसान्तमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा कृषि कर्जाको हिस्सा ९.३६ प्रतिशत रहेको छ । त्यसैगरी, कृषि क्षेत्रमा प्रवाहित कर्जाको जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ३९.८९ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.३१ प्रतिशत रहेको छ (तालिका ३.४) ।

**तालिका ३.४: कृषि कर्जाको जिल्लागत स्थिति (प्रतिशतमा)**

| जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा | जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा |
|---|---|---|---|---|---|
| रुकुमपूर्व | १६३.०३ | ०.३१ | नवलपरासी(ब.सु.प.) | ४,४७४.२१ | ८.५२ |
| रोल्पा | ३८०.७२ | ०.७३ | रुपन्देही | २०,९३७.९३ | ३९.८९ |
| प्यूठान | ८४७.०३ | १.६१ | कपिलवस्तु | ५,५०१.७८ | १०.४८ |
| गुल्मी | ६७३.९८ | १.२८ | दाङ | ८,४९९.९१ | १६.२० |
| अर्घाखाँची | ४११.९१ | ०.७८ | बाँके | ६,४११.१९ | १२.२२ |
| पाल्पा | १,२३३.९५ | २.३५ | बर्दिया | २,९४८.५८ | ५.६२ |
| **कुल कृषि कर्जा** | | | | **५२,४८४.२१** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- परम्परागत/निर्वाहमुखी कृषिबाट व्यवसायिक कृषि प्रणालीमा जान आवश्यक पर्ने पूर्वाधारहरु निर्माण गर्नु तथा समर्थन मूल्य निर्धारण गरी बजारको उचित व्यवस्थापन गर्दै युवा वर्गलाई कृषि पेशामा आकर्षित गर्नु ।
- कृषि नीति निर्माण गर्न आवश्यक पर्ने तथ्याङ्क एकद्वार प्रणालीबाट प्राप्त गर्नु ।
- पशुपन्छी तथा माछापालनको लागि आवश्यक दाना सुलभ मूल्यमा उपलब्धता गराई पशुपन्छीजन्य उत्पादन तथा माछाको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु ।

- कृषि बालीमा बाँदर, बँदेल, नीलगाई, दुम्सी लगायतका वन्यजन्तुहरुका कारणबाट हुने क्षतिलाई न्यूनीकरण गर्नु ।
- पशुपन्छीजन्य विभिन्न रोगको महामारी, प्राकृतिक प्रकोपका कारण हुने समस्याको सम्बोधन गर्नु ।
- गर्मी याममा वन डढेलोले गर्दा वन जंगलको हानि-नोक्सानीलाई न्यूनीकरण गर्नु ।

**सम्भावना**

- यस प्रदेशमा सिँचाइमा सुधार, कृषि वन प्रवर्द्धन, माछा उत्पादनको लागि कृत्रिम जलाशय विस्तार गर्ने जस्ता कार्यक्रमहरु रहेको हुँदा प्रदेशको कृषि, वनजन्य तथा पशुपन्छीजन्य उत्पादनहरु बढ्न सक्ने ।
- भौगोलिक विविधतायुक्त यस प्रदेशमा पशुपन्छीका लागि अनुकूल वातावरण रहेका कारण खाद्यान्न, तरकारी, फलफूल तथा पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सकिने ।
- निजी जग्गामा समेत टिमुर, तेजपात, अमला, सुगन्धकोकीला लगायतका जडिबुटी खेतीतर्फ किसानहरु आकर्षित भएकोले जडिबुटीजन्य उत्पादन तथा उद्योग स्थापनामा वृद्धि हुन सक्ने ।

## परिच्छेद ४

# उद्योग क्षेत्र

### लुम्बिनी प्रदेशको औद्योगिक अवस्था

उद्योग विभागका अनुसार २०८१ को असार मसान्तसम्ममा लुम्बिनी प्रदेशमा रु.३ खर्ब २७ अर्ब ५७ करोडको लगानीमा जम्मा ७५६ वटा उद्योगहरु दर्ता भएका छन् । उक्त उद्योगहरुले जम्मा ७६,०८० जनालाई रोजगारी समेत प्रदान गरेका छन् । लुम्बिनी प्रदेशमा रहेका उद्योगहरुको जिल्लागत हिस्सामा सबैभन्दा धेरै रुपन्देही जिल्लाको ३८.६२ प्रतिशत र सबैभन्दा कम प्यूठान र रोल्पा जिल्लाको ०.४० प्रतिशत रहेको छ (तालिका ४.१) । यस प्रदेशमा रहेको बुटवल औद्योगिक क्षेत्रमा ६४ र नेपालगञ्ज औद्योगिक क्षेत्रमा ३० वटा उद्योगहरु सञ्चालनमा रहेका छन् । बुटवल औद्योगिक क्षेत्रमा थप ४ वटा उद्योगहरु निर्माणको क्रममा रहेका छन् भने ४ वटा बन्द अवस्थामा रहेका छन् । नेपालगञ्ज औद्योगिक क्षेत्रमा ५ वटा उद्योगहरु बन्द अवस्थामा रहेका छन् । त्यसैगरी, रुपन्देही जिल्लामा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) मा हाल ११ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् भने २ वटा सञ्चालन हुने क्रममा छन् । यस प्रदेशमा थप औद्योगिक क्षेत्र स्थापना गर्ने उद्देश्यले रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्र र बाँकेको नौवस्ता औद्योगिक क्षेत्रको निर्माण कार्य अगाडि बढेको छ ।


**तालिका ४.१: उद्योगको जिल्लागत अवस्था**

| जिल्ला | उद्योग संख्या | रोजगारी संख्या | कुल पुँजी (रु. दश लाखमा) |
|---|---|---|---|
| रुपन्देही | २९२ | २६,८७० | १,०३,७४८.४६ |
| नवलपरासी | १८४ | १८,५५५ | १०,२१३५.०४ |
| कपिलवस्तु | ६२ | ७,५५३ | ३९,१७६.४४ |
| अर्घाखाँची | ५ | ४१८ | ४,८२१.८४ |
| पाल्पा | १२ | ७७७ | ३,०५१.३३ |
| गुल्मी | ६ | ११९ | २,०५९.८३ |
| प्यूठान | ३ | २३२ | ५४०.०० |
| रोल्पा | ३ | ४,०६६ | १,०२२.७९ |
| बाँके | १०७ | ९,१११ | २२,८७९.६१ |
| बर्दिया | २८ | १,७०५ | ७,९३६.२४ |
| दाङ | ४९ | ६,३४० | ३४,०८७.९८ |
| रुकुम | ५ | ३३४ | ६,११०.४४ |
| **जम्मा** | **७५६** | **७६,०८०** | **३,२७,५७०** |

*स्रोत :उद्योग विभाग (नवलपरासी अर्न्तगत नवलपरासी (ब.सु.पू.) र नवलपरासी (ब.सु.प.) जिल्लाहरु समावेश छन् भने रुकुम अन्तर्गत पश्चिम र पूर्वी रुकुम समावेश गरिएका छन् ।)*

### ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी क्षमता उपयोग

अध्ययनमा समेटिएका २७ उद्योगहरुको समीक्षा वर्षमा औसत क्षमता उपयोग ४६.४१ प्रतिशत रहेको छ । गत वर्ष यस्तो क्षमता उपयोग ५६.३६ प्रतिशत रहेको थियो । अध्ययनमा समेटिएका उद्योगहरुमध्ये सबैभन्दा बढी रोजिन उत्पादन गर्ने उद्योगले ९२.४३ प्रतिशत र सबैभन्दा कम साबुन उत्पादन गर्ने उद्योगले २.४१ प्रतिशत क्षमता उपयोग गरेका छन् (चार्टः ४.१) ।




*स्रोतः अध्ययनमा समेटिएका उद्योगहरु*

## औद्योगिक उत्पादनको अवस्था

समीक्षा वर्षमा नमूना छनौटमा परेका उद्योगहरुमध्ये गत वर्षको तुलनामा सबैभन्दा बढी बिजुलीको तारको उत्पादन ५५.४३ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा बढी ह्रास साबुनको उत्पादन ८५.६४ प्रतिशतले भएको छ । साबुन उत्पादन गर्ने नमूनामा छनौट भएको साबुन उद्योगले गुणस्तरीय कच्चा पदार्थ प्राप्त गर्न नसक्दा उत्पादनमा कमी आएको हो (तालिका ४.२)।

**तालिका ४.२: औद्योगिक उत्पादन**

| उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| साबुन | -८५.६४ | चाउचाउ | -८.९८ | ट्याबलेट | ९.१८ | चामल | ३८.१ |
| सिन्थेटिक कपडा | -१५.२२ | प्लाष्टिकका सामान | -९.३८ | क्यापसुल | ९.३७ | प्लाईउड | ४२.० |
| मदिरा | -१३.९८ | ओईन्टमेण्ट | -५.०६ | आल्मुनियम | ११.०४ | बिजुलीको तार | ५५.३९ |
| फलामको छड,पत्ती | -१३.५५ | तोरीको तेल | -४.५ | रोजिन | १३.५५ | | |
| कागज | -१३.५१ | सिमेण्ट | ७.८९ | लिक्युड | २४.५१४ | | |
| ड्राई सिरप | -९.१८ | पशुदाना | ८.२१ | गहुँको पिठो | ३२.९५ | | |

*स्रोतः अध्ययनमा समेटिएका उद्योगहरु*

## रोजगारी

अध्ययनमा समेटिएका २७ वटा उद्योगहरु मध्ये २ वटा बन्द अवस्थामा रहेको र बाँकी २५ वटा उद्योगहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा महिला ४८७ र पुरुष ४१०५ गरी जम्मा ४५९२ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने गत वर्ष जम्मा ५२६३ जनाले प्रत्यक्ष रोजगारी पाएका थिए ।

### बक्स नं २: हुन्डाई एसेम्ब्ली प्लान्ट



नवलपरासी (ब.सु.प) जिल्ला, रामग्राम नगरपालिका वार्ड नं १३ मा लक्ष्मी समुहको सहायक कम्पनी लक्ष्मी मोटर कर्पोरेशन प्रा.लि. (LMC) द्वारा संचालित हुन्डाई एसेम्ब्ली प्लान्ट ६५००० वर्गमिटर (करिव १० विगाह)मा फैलिए**को** छ । यो प्लान्ट बेलहिया भन्सार बिन्दुबाट २६ कि.मी, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट ३० किलोमिटर र काठमाण्डौबाट २४० किलोमिटरको दुरीमा अवस्थित छ । उक्त कर्पोरेशनले पाइलट उत्पादन १६ फेब्रुअरी, २०२४ मा गरेको थियो । उक्त कम्पनीमा स्थिर तथा चालु पूंजीमा करिव रु. ४०० करोड लगानी भएको छ । हाल ४ महिला र ५८ पुरुष गरी ६२ नेपाली कामदारहरुलाई रोजगारी दिईरहेको यस प्लान्टको १०० प्रतिशत क्षमता उपयोग भएमा करिव ५०० जनालाई रोजगारी दिने क्षमता रहेको छ । उक्त मोटर कर्पोरेशनले हुण्डाई मोटर कोरियासँग प्राविधिक लाइसेन्स सम्झौता गरी Venue, Grand i10 र Creta मोडलका कार उत्पादन गर्दै आएको छ ।

**सम्भावना**

- पुँजी र प्रविधिमा आधारित अटोमोबाइल उद्योगले देशको सामाजिक आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।
- यस एसेम्ब्ली प्लान्ट पूर्ण क्षमतामा सञ्चालन हुन सकेमा स्वदेशमा थप रोजगारी सिर्जना हुन सक्ने देखिन्छ ।
- टायर, ब्याट्री, पेन्ट, लुब्रिकेन्ट्स जस्ता अतिरिक्त समानहरु नेपालमै उत्पादन गर्न उद्यमीहरुलाई थप प्रोत्साहन मिल्ने देखिन्छ ।

**चुनौती/समस्या**

- उच्च ढुवानी लागत, भन्सार शुल्क, गोदाम व्यवस्थापन लागत हुनाले आयातमा सीमितता ।
- उक्त प्लान्टबाट उत्पादित कारको मूल्य र आयातित कारको मूल्यमा ठूलो फरक नपर्ने ।
- सानो बजार आकार ।

स्रोत : हुन्डाई एसेम्ब्ली प्लान्ट

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तमा २०८० असार मसान्तको तुलनामा ४.४४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३१ अर्ब ८८ करोड ६४ लाख पुगेको छ । २०८० असार मसान्तमा पनि यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा ५.९५ प्रतिशतले वृद्धि भएको थियो । २०८१ असार मसान्तमा कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन र गैरखाद्य वस्तुको उत्पादन सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जामा वृद्धि भएको छ भने अन्य सबै क्षेत्रमा प्रवाह भएको कर्जामा ह्रास आएको छ ।

२०८१ असार मसान्तमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा २३.५१ प्रतिशत रहेको छ । प्रवाहित कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगहरुमा ४२.७२ प्रतिशत रहेको छ भने सबैभन्दा कम विद्युत/ग्यास/पानी सम्बन्धी उद्योगमा ०.८१ प्रतिशत रहेको छ । (तालिका ४.३)

**तालिका ४.३: कुल औद्योगिक कर्जा र क्षेत्रगत हिस्सा (प्रतिशत) (रु.दश लाखमा )**

| विवरण | २०७९ असार मसान्त | २०८० असार मसान्त | २०८१ असार मसान्त | प्रतिशत परिवर्तन २०८० | प्रतिशत परिवर्तन २०८१ | हिस्सा |
|---|---|---|---|---|---|---|
| खानी | ११४०.०२ | ११९७.३२ | १,१७३.७० | ५.०३ | -२.०१ | ०.८९ |
| कृषि/वन/पेय | ४२७५९.७२ | ४६००६.७१ | ५२,९९९.७२ | ७.५९ | १५.२० | ४०.१९ |
| गैरखाद्य वस्तु | ५२९४४.१४ | ५२९९६.८८ | ५६,३४६.०६ | ०.१० | ६.३२ | ४२.७२ |
| निर्माण | १२५१०.२७ | १४७०१.६१ | १२,८२५.७७ | १७.५२ | -१२.७६ | ९.७२ |
| विद्युत/ग्यास/पानी | ११०७.२४ | ३७११.०१ | १०६९.५५ | २३५.१६ | -७१.१८ | ०.८१ |
| धातुका उत्पादन/मेशिनरी/ ईलेक्ट्रोनिक्स | ८७३०.१३ | ७६७१.८९ | ७,४७२.०३ | -१२.१२ | -२.६१ | ५.६७ |
| **जम्मा** | **११९१९१.५१** | **१२६२८५.३४** | **१३१८८६.४१** | **५.९५** | ४.४४ | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- युवावर्गलाई नवप्रवर्द्धनतर्फ आकर्षित गर्दै विदेश पलायन हुने क्रमलाई रोक्नु ।
- यस प्रदेशका सिमेन्ट उद्योगहरुका लागि चाहिने चुनढुङ्गा उत्खनन् गर्दा हुने नकारात्मक वातावरणीय प्रभाव कम गर्नु तथा अन्य उद्योगहरुबाट निस्कने फोहर तथा प्रदुषण व्यवस्थापन गर्नु ।
- भारत तथा बङ्लादेशमा उत्पादित औषधीहरुको लागत तुलनात्मक रुपमा नेपाली औषधीको भन्दा कम हुने हुँदा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।

### सम्भावना

- यस प्रदेशका पहाडी र हिमाली जिल्लाहरुमा प्रशस्त मात्रामा जडिबुटी पाईने हुँदा जडिबुटी प्रशोधन उद्योगहरुको विस्तार हुन सक्ने ।
- भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा विद्युत सबस्टेशनको निर्माण कार्य अन्तिम चरणमा रहेको र नीतिगत सुधारका कारण थप उद्योगहरु स्थापना हुन सक्ने ।
- हाल सुस्त अवस्थामा रहेको पूर्वाधार निर्माणको काम बढ्न सकेमा सिमेन्ट तथा फलामे छड उत्पादन गर्ने उद्योगहरुको उत्पादन क्षमतामा वृद्धि हुन सक्ने ।
- रुपन्देहीको मोतिपुर तथा बाँकेको नौवस्तामा पूर्वाधार सहितको औद्योगिक क्षेत्र स्थापना भएमा नयाँ उद्यमीहरुलाई उद्योग सञ्चालन गर्न प्रोत्साहन मिल्ने ।
- यस प्रदेशमा रहेका राष्ट्रिय निकुञ्जहरुमा वन पर्यटनको सम्भावना रहनुका साथै वनजन्य उत्पादन (जस्तैः बाँस, बेतबास, अम्रिसो) सम्बन्धी उद्योगहरु स्थापना हुन सक्ने ।

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका पर्यटक स्तरीय होटलहरुको होटल शैया सङ्ख्या, कोठा/शैया बिक्री सङ्ख्या, प्रत्यक्ष रोजगारी सङ्ख्या र पर्यटक आगमन सङ्ख्या लगायतका पर्यटकीय सूचकहरुको अवस्था विश्लेषण गर्न रुपन्देहीमा ९, बाँकेमा ३ र पाल्पा, अर्घाखाँची, कपिलबस्तु जिल्लाबाट १-१ गरी जम्मा १५ वटा पर्यटक स्तरीय होटलहरु छनौट गरिएको छ ।

पछिल्लो समय गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रभाव स्वरुप रुपन्देही जिल्ला र आसपासका क्षेत्रमा धेरै सङ्ख्यामा होटल/रेष्टुरेन्टहरु सञ्चालनमा आएका छन भने केही निर्माणाधिन अवस्थामा रहेका छन् ।

**तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर**

| विवरण | दुईवर्ष अघि | गत वर्ष | समीक्षा वर्ष | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | आ.व.२०७८/७९ (साउन- असार) | आ.व.२०७९/८० (साउन- असार) | आ.व.२०८०/८१ (साउन- असार) | गत वर्ष | समीक्षा वर्ष |
| होटल शैयाको सङ्ख्या | ११७१ | ११७७ | १२७२ | ०.५१ | ८.०७ |
| कोठा/शैया बिक्री | १,३१,२९० | १,४५,४८५ | १,७८,९०० | १०.८१ | २२.९७ |
| प्रत्यक्ष रोजगारी सङ्ख्या | ७३० | ७५३ | ९६१ | ३.१५ | २७.६२ |
| पुरुष | ५४० | ५५७ | ७२२ | ३.१५ | २९.६२ |
| महिला | १९० | १९६ | २३९ | ३.१६ | २१.९४ |
| पर्यटक आगमन सङ्ख्या | ७१,३५९ | १३९,६७१ | १३२,१४३ | ९५.७३ | -५.३९ |
| भारत | ८७,१७९ | १०१,३०७ | ९२,८६० | १६.२१ | -८.३४ |
| चीन | ४,५४१ | ५,२५५ | ९,४७९ | १५.७२ | ८०.३८ |
| तेस्रो मुलुक | १७,१८९ | ३३,१०९ | २९,७५४ | ९२.६२ | -१०.१३ |
| **अकुपेन्सी दर#** | **३०.७२** | **३३.८६** | **३८.५३** | **१०.२५** | **१३.७८** |

*स्रोतः नमूना छनौटमा परेका होटल*

$$\#\text{अकुपेन्सी दर} = \frac{\text{कोठा/शैया बिक्री सङ्ख्या (पटकमा)}}{(\text{होटल शैयाको सङ्ख्या} \times ३६५)} \times १००\%$$

### होटल शैया सङ्ख्या

छनौटमा परेका होटलहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा होटल शैयाको सङ्ख्या गत वर्षको तुलनामा ८.०७ प्रतिशतले वृद्धि भई १ हजार २ सय ७२ पुगेको छ । गत वर्ष शैया सङ्ख्या अघिल्लो वर्षको तुलनामा ०.५१ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी समीक्षा वर्षमा कोठा/शैया बिक्री सङ्ख्या गत वर्षको तुलनामा २२.९७ प्रतिशतले वृद्धि भई १ लाख ७८ हजार ९ सय पुगेको छ । गत वर्ष कोठा/शैया बिक्री सङ्ख्या अघिल्लो वर्षको तुलनामा १०.८१ प्रतिशतले वृद्धि भएको थियो (तालिका ५.१) ।

### पर्यटन आगमन सङ्ख्या

समीक्षा वर्षमा छनौटमा परेका होटलहरुमा आउने भारतीय पर्यटकहरुको सङ्ख्यामा गत वर्षको तुलनामा न्यून भएको हुँदा पर्यटक आगमन सङ्ख्यामा ५.३९ प्रतिशतले ह्रास भई जम्मा १ लाख ३२ हजार १ सय ४३ पुगेको देखिन्छ (तालिका ५.१) ।

### अकुपेन्सी दर तथा रोजगारी

समीक्षा वर्षमा छनौटमा परेका होटलहरुको अकुपेन्सी दर गत वर्षको तुलनामा १३.८७ प्रतिशतले वृद्धि भई ३८.५३ प्रतिशत पुगेको छ । त्यस्तै, होटलले दिने रोजगारीमा समेत २७.६२ प्रतिशतले वृद्धि भई जम्मा ९६१ ( पुरुष ७२२ र महिला २३९) जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । समीक्षा वर्षमा होटलमा आउने बाह्य पर्यटकको सङ्ख्यामा कमी आएको भएतापनि आन्तरिक पर्यटन सुधार भएको कारण होटलहरुको शैया सङ्ख्या, रोजगारी तथा अकुपेन्सी दर वृद्धि भएको छ ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या र घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व रकम गत वर्षको तुलनामा क्रमशः २२.७२ प्रतिशत र ३०.७९ प्रतिशतले ह्रास भएको छ । गत वर्ष उक्त सङ्ख्या १३.२५ प्रतिशतले ह्रास भएको थियो भने राजश्व रकम ३७.६७ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा वर्षमा घर/भवन स्थायी नक्सा पास सङ्ख्या गत वर्षको तुलनामा १३.३५ प्रतिशतले ह्रास भएको छ । गत वर्ष पनि उक्त सङ्ख्या ८.२६ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा घर/भवन स्थायी नक्सा पास सङ्ख्या घट्नुमा पछिल्लो समय कित्ताकाट सहज रुपमा नहुनु, घरजग्गा कारोवारमा सुस्तता आउनु, बैदेशिक रोजगारीमा जाने प्रवृति बढ्नु र नगरवासीमा नक्सा पास गरेर मात्र घर निर्माण गर्नुपर्छ भन्ने चेतनाको विकास नहुनु जस्ता कारणहरु रहेका छन् (तालिका ५.२) ।

**तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व.२०७८/७९ (साउन-पुस) | आ.व.२०७९/८० (साउन-पुस) | आ.व.२०८०/८१ (साउन-पुस) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | १११९५६.०० | ९७१२०.०० | ७५०५०.०० | - १३.२५ | - २२.७२ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | ६६९५.०० | ६१४२.०० | ५३२२.०० | - ८.२६ | - १३.३५ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | ३४०३.१० | ४६८५.०४ | ३२४२.५३ | ३७.६७ | - ३०.७९ |

*स्रोतः जिल्लामा रहेका मालपोत कार्यालयहरु तथा उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा

### बैंक तथा वित्तीय संस्था एवम् वित्तीय सेवाको अवस्था

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त तथ्याङ्क अनुसार २०८१ असार मसान्तसम्ममा यस प्रदेशमा क वर्गका ७४१, ख वर्गका २५७, ग वर्गका ४७ र घ वर्गका ११३० गरी जम्मा २१७५ वटा बैंक तथा वित्तीय संस्थाहरुका शाखाहरु र १९९ वटा शाखा रहित बैंकिङ्ग सेवाबाट वित्तीय सेवा उपलब्ध गराएका छन् । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरुमा ४० लाख १५ हजार ६०१ मोबाईल बैंकिङ्ग सेवा र २ लाख ८३ हजार ९ सय ९२ ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता भएका छन् *(तालिकाः ५.३)* ।

तालिका ५.३: बैंक तथा वित्तीय संस्था एवम् वित्तीय सेवाको अवस्था

| जिल्ला | शाखा संख्या | शाखा रहित बैंकिङ्ग सेवा | मोबाईल बैंकिङ्ग | ईन्टरनेट बैंकिङ्ग दर्ता सङ्ख्या |
|---|---|---|---|---|
| रुपन्देही | ५४१ | २३ | १३,३०,३९९ | १,३३,३०८ |
| कपिलवस्तु | २२५ | १४ | ३,३७,८१४ | २३,२२७ |
| नवलपरासी (ब.सु.प.) | १८४ | ९ | ३,००,६४५ | २४,३४२ |
| पाल्पा | १२६ | २० | २,०२,५९१ | १७,९१३ |
| गुल्मी | ११४ | ४६ | १,८४,८१४ | ७,७९९ |
| अर्घाखाँची | ६७ | १६ | १,२४,१६२ | ७,६५९ |
| रोल्पा | ६१ | १३ | ७५,२७६ | ६,२०० |
| प्यूठान | ७७ | ० | १,०३,४७३ | ५,४५८ |
| बाँके | २४७ | २३ | ५,०६,६२३ | २६,९७३ |
| बर्दिया | २२० | ८ | २,४८,५७९ | ४,४०७ |
| दाङ | २९६ | २४ | ५,८३,७७८ | २६,४८० |
| रुकुमपूर्व | १७ | ३ | १७,४४७ | २२६ |
| **जम्मा** | **२१७५** | **१९९** | **४०,१५,६०१** | **२,८३,९९२** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## कुल निक्षेप

२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०८० असार मसान्तको तुलनामा १२.८० प्रतिशतले वृद्धि भई रु.५ खर्ब ७१ अर्ब ८५ करोड ५३ लाख पुगेको छ । जसमध्ये चल्ती निक्षेप १४.३८ प्रतिशत र अन्य निक्षेप ०.३ प्रतिशतले ह्रास भएको छ भने वचत र मुद्दती निक्षेप भने क्रमश: २८.२८ प्रतिशत र ६.१८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, कुल निक्षेपमा चल्ति, वचत, मुद्दती र अन्य निक्षेपको अंश क्रमश: ५.६४ प्रतिशत, ४३.८५ प्रतिशत, ४५.३१ प्रतिशत र ५.२० प्रतिशत रहेको छ । जिल्लाहरुको कुल निक्षेपको अवस्था तुलना गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लामा ४३.१९ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुम पूर्व जिल्लामा ०.३१ प्रतिशत रहेको छ *(तालिका ५.३)*।

## कुल कर्जा

२०८१ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा २०८० असार मसान्तको तुलनामा १.३७ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ६० अर्ब ९० करोड १० लाख पुगेको छ। २०८० असार मसान्तमा कुल कर्जा अघिल्लो वर्षको तुलनामा २.७१ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी, २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको यस प्रदेशको कर्जा/निक्षेप अनुपात ९८.०८ प्रतिशत रहेको छ। कुल कर्जाको जिल्लागत अवस्था तुलना गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५०.०८ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.२० प्रतिशत रहेको छ । त्यसैगरी, कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै बाँके जिल्लामा १४७.०६ प्रतिशत रहेको छ भने सबैभन्दा कम अर्घाखाँची जिल्लामा १६.७५ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुका ऋणीहरुको सङ्ख्या २०८० असार मसान्तको तुलनामा सामान्य ह्रास भएको छ (तालिका ५.४)।

**तालिका ५.४: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था (रु.दश लाखमा )**

| जिल्ला | कुल निक्षेप | कुल निक्षेपको अंश (प्रतिशतमा) | कुल कर्जा | कुल कर्जाको अंश (प्रतिशतमा) | कर्जा/निक्षेप अनुपात (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| रुपन्देही | २,४७,००३.६५ | ४३.१९ | २८०,९२४.१० | ५०.०८ | ११३.७३ |
| कपिलवस्तु | ३८,५७५.२८ | ६.७५ | ३०,६३७.१६ | ५.४६ | ७९.४२ |
| नवलपरासी (ब.सु.प.) | ३०,८५९.०३ | ५.४० | ३६,९४६.९४ | ६.५९ | ११९.७३ |
| पाल्पा | ३४२९६.०३ | ६.०० | ११,०६५.०६ | १.९७ | ३२.२६ |
| गुल्मी | ३३,२७१.७७ | ५.८२ | ६,८४३.१६ | १.२२ | २०.५७ |
| अर्घाखाँची | २०,७५१.६८ | ३.६३ | ३४७६.५८ | ०.६२ | १६.७५ |
| रोल्पा | ७,६४७.५६ | १.३४ | ३,२७९.६३ | ०.५९ | ४२.८८ |
| प्यूठान | १३,१०७.३४ | २.२९ | ६,६०८.५५ | १.१८ | ५०.४२ |
| बाँके | ६३,३६०.२८ | ११.०८ | ९३,१७६.०३ | १६.६१ | १४७.०६ |
| बर्दिया | १८,२४९.२८ | ३.१९ | १८,०७३.०४ | ३.२२ | ९९.०३ |
| दाङ | ६२,९८८.३४ | ११.०१ | ६८७६९.८८ | १२.२६ | १०९.१८ |
| रुकुमपूर्व | १,७४५.१५ | ०.३१ | १,१००.८६ | ०.२० | ६३.०८ |
| **लुम्बिनी प्रदेश** | **५,७१,८५५.३** | **१००** | **५,६०,९०१.००** | **१००** | **९८.०८** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## विपन्न वर्ग कर्जा

२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको विपन्न वर्ग कर्जा २०८० असार मसान्तको तुलनामा ५.१८ प्रतिशतले वृद्धि भई रु.४४ अर्ब २३ करोड २ लाख पुगेको छ । २०८० असार मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा ०.९० प्रतिशतले ह्रास भएको थियो । २०८१ असार मसान्तमा यस प्रदेशको कुल कर्जामा विपन्न वर्ग कर्जाको हिस्सा ७.८९ प्रतिशत रहेको छ (तालिका ५.५) ।

## पुनरकर्जा

२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको पुनरकर्जा २०८० असार मसान्तको तुलनामा ६९.७१ प्रतिशतले ह्रास भई रु.१४ करोड ९७ लाख रहेको छ। २०८१ असार मसान्तमा यस प्रदेशको कुल कर्जामा पुनरकर्जाको हिस्सा ०.०३ प्रतिशत रहेको छ (तालिका ५.५) ।

## सहुलियतपूर्ण कर्जा

२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको सहुलियतपूर्ण कर्जा २०८० असार मसान्तको तुलनामा ३६.२९ प्रतिशतले ह्रास भई रु.१९ अर्ब १ करोड २८ लाख पुगेको छ। २०८० असार मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा १०.५४ प्रतिशतले ह्रास भएको थियो। २०८१ असार मसान्तमा यस प्रदेशको कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा ३.३९ प्रतिशत रहेको छ (तालिका ५.५) ।

**तालिका ५.५: विपन्न वर्ग कर्जा, पुनरकर्जा र सहुलियपूर्ण कर्जाको जिल्लागत अवस्था (रु.दश लाखमा)**

| जिल्ला | विपन्न वर्ग कर्जा | पुनरकर्जा | सहुलियतपूर्ण कर्जा |
|---|---|---|---|
| रुपन्देही | २१५११.२६ | ४८.३० | ७१८८.८६ |
| कपिलवस्तु | ३१३४.५४ | २९.३९ | १५५८.२३ |
| नवलपरासी (ब.सु.प.) | ३४१६.५७ | १६.३९ | १८४५.०५ |
| पाल्पा | १३५९.५१ | ११.०० | ६४६.५२ |
| गुल्मी | ९२७.८७ | – | ४६१.८५ |
| अर्घाखाँची | ५३६.११ | – | २६२.५८ |
| रोल्पा | ५५८.१७ | – | १४७.०१ |
| प्यूठान | १२१२.१७ | २४.९५ | ३५७.०१ |
| बाँके | २८२४.६८ | १५.८७ | २६४५.४२ |
| बर्दिया | २२८७.९६ | १.०० | ९७८.३२ |
| दाङ | ६२७५.०२ | ०.७० | २९०१.९२ |
| रुकुमपूर्व | १८६.३५ | २.१० | २०.०५ |
| लुम्बिनी प्रदेश | ४४२३०.२१ | १४९.७ | १९०१२.८२ |
| कुल कर्जामा हिस्सा | ७.८९ | ०.०३ | ३.३९ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ५.४ यातायात तथा सञ्चार

### यातायात क्षेत्र

२०८१ असार मसान्तसम्म लुम्बिनी प्रदेशमा कुल सवारी साधनहरुको सङ्ख्या २०८० असार मसान्तसम्मको तुलनामा ४.४२ प्रतिशतले वृद्धि भई १२ लाख ९५ हजार ४ सय ४७ पुगेको छ। जसमध्ये मोटरसाईकलको सङ्ख्या ४.३७ प्रतिशत र अन्य सवारी साधनको सङ्ख्या ४.७४ प्रतिशतले वृद्धि भएको छ। २०८० असार मसान्तसम्ममा कुल सवारी साधनहरुको सङ्ख्या अघिल्लो वर्षको तुलनामा ६.५० प्रतिशतले वृद्धि भएको थियो (तालिका ५.६)।

**तालिका ५.६: यातायात सेवाको अवस्था**

| विवरण | २०७९ असार मसान्तसम्म | २०८० असार मसान्तसम्म | २०८१ असार मसान्तसम्म | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत वर्ष | समीक्षा वर्ष |
| यातायातका साधनको कुल सङ्ख्या | ११६४९३३.०० | १२४०६०८.०० | १२९५४४७.०० | ६.५० | ४.४२ |
| मोटरसाईकल | ९९९३५३.०० | १०७००५७.०० | १११६७९५.०० | ७.०७ | ४.३७ |
| अन्य.. | १६५५८०.०० | १७०५५१.०० | १७८६४३.०० | ३.०० | ४.७४ |

*स्रोत : बुटवल, नेपालगञ्ज र दाङ यातायात व्यवस्था कार्यालय*

### सञ्चार क्षेत्र

२०८१ असार मसान्तसम्म लुम्बिनी प्रदेशमा नेपाल टेलिकमद्धारा वितरित टेलिफोन सङ्ख्यामा गत वर्षको तुलनामा ११.१४ प्रतिशतले वृद्धि भई ३३ लाख ५६ हजार ६ सय ४४ पुगेको छ। त्यसैगरी, इन्टरनेट सेवा समीक्षा वर्षमा गत वर्षको तुलनामा १४ प्रतिशतले वृद्धि भई ७३ हजार १ सय ५० पुगेको छ (तालिका ५.७)।

**तालिका ५.७ : सञ्चार सेवाको अवस्था**

| विवरण | २०७९ असार मसान्तसम्म | २०८० असार मसान्तसम्म | २०८१ असार मसान्तसम्म | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत वर्ष | समीक्षा वर्ष |
| टेलिफोन सेवा | २५५८०५५.०० | ३०२०१९९.०० | ३३५६६४४.०० | १८.०७ | ११.१४ |
| स्थायी | ५४३८८.०० | ५४५१८.०० | ५४८००.०० | ०.२४ | ०.५२ |
| मोबाईल | २५०३६६७.०० | २९६५६८१.०० | ३३०१८४४.०० | १८.४५ | ११.३४ |
| अन्य | ० | ० | ० | | |
| ईन्टरनेट सेवा | ५३९९५.०० | ६४१६६.०० | ७३१५०.०० | १८.८४ | १४.०० |
| Fixed Broadband (Wired) | ५३९९५.०० | ६३७४९.०० | ७१४०१.०० | १८.०६ | १२.०० |
| Fixed Broadband (Wireless) | ०.०० | ०.०० | ०.०० | | |
| Mobile Broadband # | ०.०० | ४१७.०० | १७४९.०० | | ३१९.४२ |

*स्रोत : नेपाल टेलिकम लुम्बिनी प्रदेश प्रादेशिक निर्देशनालय*
# २०७९/८० बाट मात्र वितरण शुरु गरिएको

## ५.५ शिक्षा तथा स्वास्थ्य सेवा

### शिक्षा सेवा

लुम्बिनी प्रदेशमा ३ वटा विश्वविद्यालय र १८५ क्याम्पसमा जम्मा ७६,८६३ विद्यार्थीहरु अध्ययनरत रहेका छन् । त्यसैगरी, यस प्रदेशमा ४,५३१ सामुदायिक विद्यालय र १,२६९ निजी विद्यालय, ३१३ प्राविधिक विद्यालय र ५,४२२ बाल विकास केन्द्रहरु रहेका छन् । (स्रोतः लुम्बिनी प्रदेश आर्थिक सर्वेक्षण २०८०/८१)

### स्वास्थ्य सेवा

यस प्रदेशमा ३ संघीय, १३ प्रादेशिक र १९ आधारभूत अस्पताल गरी जम्मा ३५ सरकारी अस्पतालहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी, प्रदेशमा २९ प्राथमिक स्वास्थ्य केन्द्र, ५६३ स्वास्थ्य चौकी, ३०४ आधारभूत स्वास्थ्य केन्द्र, १६७ सामुदायिक स्वास्थ्य इकाई, १३८ सहरी स्वास्थ्य केन्द्रहरु सञ्चालित छन् । यसबाहेक ४६ आयुर्वेद औषधालय, १३ आयुर्वेद स्वास्थ्य केन्द्र, ४४९ जन्म केन्द्र, ८,९१८ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, २,९६५ खोप क्लिनिक र १,९४० गाउँघर क्लिनिकहरू रहेका छन् । (स्रोतः लुम्बिनी प्रदेश आर्थिक सर्वेक्षण २०८०/८१)

## ५.६ परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री

समीक्षा वर्षमा लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुले गरेको परिवर्त्य विदेशी मुद्रा खरिद गत वर्षको तुलनामा २०३.९० प्रतिशतले वृद्धि भई कुल रु.१६८.२४ करोड पुगेको छ । यसैगरी आ.व.२०८०/८१ मा रु.१३४.२३ करोड बराबरको परिवर्त्य विदेशी मुद्राको बिक्री भएको छ ।

## ५.७ भारतीय मुद्रा खरिद/बिक्री

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट समीक्षा वर्षमा भारतीय मुद्रा खरिद गत वर्षको तुलनामा ७२.५९ प्रतिशतले वृद्धि भई कुल रु.७ करोड ८७ लाख पुगेको छ । भारतीय मुद्राको बिक्री २३.१७ प्रतिशतले वृद्धि भई रु.८ करोड ५६ लाख पुगेको छ । यसैगरी गत वर्ष र समीक्षा वर्षमा केन्द्रीय कार्यालय तथा अन्य कार्यालयमा यस प्रदेश कार्यालयहरुबाट भा.रु. तोडाचलान गरिएको छैन ।

## ५.८ मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

### इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

लुम्बिनी प्रदेशमा २०८१ असार मसान्तसम्ममा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको सङ्ख्या ७० पुगेको छ । जसमध्ये, मनिचेञ्जर ५६, होटल/रिसोर्ट ८ र ट्राभल एजेन्सी २ वटा रहेका छन । कुल एजेन्सीहरुमध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ४३ वटा रहेका छन् भने रुकुम पूर्व, रोल्पा, प्युठान, गुल्मी, अर्घाखांची, दाङ र बर्दिया जिल्लामा कुनैपनि मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरु छैनन् ।

## ५.९ सेवा क्षेत्र कर्जा

२०८१ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जा २०८० असार मसान्तको तुलनामा २.५७ प्रतिशतले ह्रास भई रु २ खर्ब २६ अर्ब ८१ करोड ८० लाखमा सीमित भएको छ । २०८० असार मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा ८.२५ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा सेवा क्षेत्र कर्जाको हिस्सा ४०.४४ प्रतिशत रहेको छ । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल सेवा क्षेत्र कर्जामा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५३.६६ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.०८ प्रतिशत रहेको छ (तालिका ५.८) ।

**तालिका ५.८ः कुल सेवा कर्जाको जिल्लागत अवस्था (प्रतिशतमा)**

| जल्ला | रकम (रु. करोडमा) | हिस्सा | जिल्ला | रकम (रु.करोडमा) | हिस्सा | जिल्ला | रकम (रु. करोडमा) | हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| रुकुमपूर्व | १९.०४ | ०.०८ | अर्घाखाँची | ११६.४७ | ०.५१ | कपिलवस्तु | ९६४.८९ | ४.२५ |
| रोल्पा | ११४.६४ | ०.५१ | पाल्पा | ३९९.२९ | १.७६ | दाङ | २३२७.७० | १०.२६ |
| प्यूठान | २१८.५२ | ०.९६ | नवलपरासी (ब.सु.प.) | १४९८.११ | ६.६० | बाँके | ३८७०.६८ | १७.०७ |
| गुल्मी | २६६.७९ | १.१८ | रुपन्देही | १२१७१.५४ | ५३.६६ | बर्दिया | ७१४.१३ | ३.१५ |
| लुम्बिनी प्रदेश | | | | | | | २२,६८१.८० | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.१० सहकारी

यस अध्ययनमा नमूना छनौटमा परेका १३ वटा (रुपन्देही, बाँके, नवलपरासी (ब.सु.प.), पाल्पा र कपिलवस्तु जिल्लाबाट क्रमशः ५, ३ २, २ र १) बचत तथा ऋण सहकारी संस्थाहरुको स्थलगत सर्वेक्षण गरी पुँजी, बचत, ऋण, सदस्य सङ्ख्या र रोजगारी सङ्ख्या सम्बन्धी तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

### कुल पुँजी

अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको कुल पुँजी २०८१ असार मसान्तमा २०८० असार मसान्तको तुलनामा १२.०३ प्रतिशतले वृद्धि भई रु.८ अर्ब २८ करोड ७७ लाख पुगेको छ भने २०८० असार मसान्तमा कुल पुँजी अघिल्लो वर्षको तुलनामा ६.९१ प्रतिशतले वृद्धि भएको थियो (तालिका ५.६) ।

### बचत परिचालन तथा ऋण प्रवाह

अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको कुल बचत परिचालन २०८१ असार मसान्तमा २०८० असार मसान्तको तुलनामा १२.५१ प्रतिशतले वृद्धि भई रु.१२ अर्ब ८७ करोड पुगेको छ भने २०८० असार मसान्तमा बचत परिचालन अघिल्लो वर्षको तुलनामा ३.०२ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, कुल ऋण प्रवाह २०८१ असार मसान्तमा २०८० असार मसान्तको तुलनामा ५.६१ प्रतिशतले वृद्धि भई रु.१२ अर्ब ५० करोड

६३ लाख पुगेको छ । २०८० असार मसान्तमा कुल ऋण प्रवाह अघिल्लो वर्षको तुलनामा १.०५ प्रतिशतले ह्रास भएको थियो (तालिका ५.६) ।

### सदस्य तथा कर्मचारी सङ्ख्या

अध्ययनमा समेटिएका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार २०८१ असार मसान्तमा २०८० असार मसान्तको तुलनामा सदस्य सङ्ख्या १.१२ प्रतिशतले वृद्धि भएको छ भने कर्मचारी सङ्ख्या १०.३७ प्रतिशतले ह्रास भएको छ । २०८० असार मसान्तमा सदस्य सङ्ख्या र कर्मचारी सङ्ख्या अघिल्लो वर्षको तुलनामा क्रमशः १५.८५ प्रतिशत र ८.४४ प्रतिशतले वृद्धि भएको थियो (तालिका ५.६) ।

**तालिका ५.९: सहकारी सेवा**

| विवरण | २०७८/७९ (साउन -असार) | २०७९/८० (साउन -असार) | २०८०/८१ (साउन -असार) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत वर्ष | समीक्षा वर्ष |
| कुल पुँजी (रु.करोडमा) | ६९१.९५ | ७३९.७५ | ८२८.७७ | ६.९१ | १२.०३ |
| कुल बचत (रु.करोडमा) | ११११०.३८ | ११४३.८६ | १२८७.०० | ३.०२ | १२.५१ |
| कुल ऋण (रु.करोडमा) | ११९६.७५ | ११८४.२१ | १२५०.६३ | -१.०५ | ५.६१ |
| सदस्य सङ्ख्या | ९४७७८ | १०९७९६ | १११०२९ | १५.८५ | १.१२ |
| कर्मचारी सङ्ख्या | ३२० | ३४७ | ३११ | ८.४४ | - १०.३७ |

*स्रोत: नमूना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरु*

## ५.११ सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- पहाडी जिल्लाहरुबाट शहरी क्षेत्रमा हुने बसाईसराइले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गरिने सरकारी लगानीको यथोचित प्रतिफल प्राप्त गर्नु ।
- भैरहवा अन्तराष्ट्रिय विमानस्थल पूर्ण रुपमा संचालनमा ल्याउनु ।
- यस प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार निर्माण गर्ने तथा पर्यटकहरुको लागि सुरक्षित वातावरण निर्माण गरी गुणस्तरीय सेवा सुविधा उपलब्ध गराई बसाई अवधि लम्ब्याउनु ।
- बचत तथा ऋण सहकारी संस्थाहरुमा देखिएको समस्यालाई समयमै समाधान गरी सहकारी क्षेत्र प्रति जनताको विश्वसनीयता कायम गराउनु ।

### सम्भावना

- नेपाल सरकारले बजेट मार्फत घोषणा गरेका विभिन्न कार्यक्रमहरु जस्तै लुम्बिनीलाई बर्थिङ हव, बुटवल-भैरहवा कोणमा धार्मिक पर्यटन र बुटवलमा सूचना प्रविधि पार्क निर्माण गर्ने कार्यक्रम राखिएको हुँदा यस प्रदेशमा सेवा क्षेत्रको उल्लेखनीय वृद्धि हुन सक्ने ।
- आधारभूत पूर्वाधार विकास गरी राप्ती तथा कालीगण्डकी नदीमा ऱ्याफ्टिङ्ग, ग्रामीण क्षेत्रमा ट्रेकिङ, पर्वतारोहण, तथा साइकल यात्रा सम्बन्धि पूर्वाधारहरु निर्माण हुन सकेमा साहसिक पर्यटनको प्रवर्द्धन गर्न सकिने।
- तिलौराकोट, लुम्बिनी र देवदह क्षेत्रहरुमा थप पूर्वाधारहरु निर्माण गरी धार्मिक तथा सांस्कृतिक पर्यटनको रुपमा विकास गर्न सकेमा आन्तरिक एवम् वाह्य पर्यटकहरुको आगमनमा वृद्धि हुने ।
- यस प्रदेशका विभिन्न पर्यटकीय स्थलहरु घुमाउने प्रयोजनका लागि तालिम प्राप्त गाईडको व्यवस्था गर्न सकेमा सेवा क्षेत्रमा थप रोजगारी सिर्जना हुने ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

समीक्षा वर्षसम्ममा यस प्रदेशमा नयाँ ट्र्याक ४०५.१७ कि.मि., सडक विस्तार (थप चौडा) ९३१.१२ कि.मि., ग्राभेल सडक १०१४.७९ कि.मि., कालोपत्रे सडक ७७७.४१ कि.मि., ढलान सडक ६८.८९ कि.मि. गरी जम्मा ३१९७.३८ कि.मि. सडक चालु अवस्थामा रहेका छन् । यसैगरी, समीक्षा वर्षसम्ममा सडक पुल, कलभर्ट/कजवे र झोलुङ्गे पुल क्रमश: १२५, ३६४७ र ४१ वटा निर्माण भएका छन् (तालिका ६.१)।

**तालिका ६.१ सडक पूर्वाधारको भौतिक प्रगति**

| विवरण | इकाई | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| नयाँ ट्र्याक निर्माण | कि.मी. | ९९ | १२१ | ९१ | ९४.१७ | ४०५.१७ |
| सडक विस्तार (थप चौडा गर्ने काम) | कि.मी. | ३१६ | २७५ | १८५ | १५५.१२ | ९३१.१२ |
| सडक ग्राभेल | कि.मी. | २७० | २६४ | २७१ | २०९.७९ | १०१४.७९ |
| कालोपत्रे सम्पन्न | कि.मी. | १९४ | २०२ | २३१ | १५०.४१ | ७७७.४१ |
| ढलान सडक निर्माण | कि.मी. | ७.९० | २०.२० | २३.०० | १७.७९ | ६८.८९ |
| सडक पुल निर्माण | वटा | १७ | ४० | २९ | ३९ | १२५ |
| झोलुङ्गे पुल निर्माण | वटा | ७ | ११ | ६ | १७ | ४१ |
| कलभर्ट/कजवे निर्माण | वटा | ९६८ | ९९६ | ११०९ | ५७४ | ३६४७ |

*श्रोत : भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेश*

### ६.१.२ नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)

नवलपरासी (ब.सु.प.) जिल्लाको दाउन्नेदेखि रुपन्देही जिल्लाको बुटवलसम्म पर्ने नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड) को कुल लम्बाई ४८.५३५ किलोमिटर रहेको छ । यस योजनाको लक्ष्य उक्त सडक खण्डमा पर्ने बजार/बस्ती क्षेत्रमा ४ लेन सहित थप सर्भिस लेन, ग्रामीण क्षेत्रमा ४ लेन र दाउन्ने क्षेत्रमा ३ लेनको उच्च गुणस्तरको कालोपत्रे सडक निर्माण गर्नुका साथै ३० वटा साना-ठूला पुलहरु तथा कल्भर्टहरुको निर्माण गर्ने रहेको छ ।

| | | |
|---|---|---|
| **आयोजना अवधि:** | शुरु भएको मिति | माघ, २०७५ (February, 2019) |
| | सम्पन्न हुने मिति: | श्रावण, २०८२ (July, 2025) (तेस्रो पटक म्याद थप सहित) |
| **आयोजना लागत:** | शुरु लागत: | रु.७,८६,३४,०१,२१६/५४ (भ्याट र पि.एस सहित) |
| | संशोधित लागत: | रु.७,८६,३२,५२,७६८/४४ (भ्याट र पि.एस सहित) |
| **प्रगति विवरण:** (२०८१ असार मसान्तसम्म) | भौतिक प्रगति: | ५२.६५ प्रतिशत |
| | वित्तीय प्रगति: | ४४.३८ प्रतिशत |
| **रोजगारीको अवस्था** | स्वदेशी: | महिला : २६ जना, पुरुष : २२३ जना |
| | विदेशी: | महिला : – , पुरुष : १८ जना |

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरुः**

- निर्माण सम्पन्न सडकखण्डका बजारकेन्द्रहरुमा स्थानीय चहलपहल बढ्नुका साथै नियमित कामकाजमा सहजता भएको ।
- निर्माण सम्पन्न कल्भर्टबाट बस्ती क्षेत्रमा पानीको निकास सहज भई डुबान समस्या हल भएको ।
- निर्माणाधीन सडकखण्डमा यात्रा गर्न कठिनाई हुनुका साथै अधिक समय लाग्ने गरेको ।

**आयोजनाका समस्या तथा चुनौतीहरुः**

- सडक क्षेत्रमा स्थानीय अवरोध तथा निर्माण सामाग्री प्राप्त गर्न कठिनाई रहेको ।
- पहिरोग्रस्त क्षेत्रमा निर्माण कार्य गर्नु ।

### ६.१.३ सिद्धबाबा सुरुङ मार्ग योजना

सिद्धार्थ राजमार्गको बुटवल–पाल्पा सडक खण्डमा पर्ने सिद्धबाबा सुरुङ मार्ग योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality मा निर्माण व्यवसायी श्री China State Construction Engineering Co. Ltd, No.15, Sanlihe Road, Haidan District, Beijing, China सँग ठेक्का सम्झौता भएको छ । जस अन्तर्गत ११२६ मि. लामो सुरुङ मार्गको निर्माण तथा २४०० मि. सडक चौडा गरी सुधार गर्ने कार्य पर्दछ ।

| | | |
|---|---|---|
| **आयोजना अवधिः** | **ठेक्का सम्झौता मितिः** | March 9, 2022 (२०७८/११/२५) |
| | **ठेक्का सम्पन्न गर्नुपर्ने मितिः** | **Phase I**: Engineering, Procurement and Construction Works: 1825 calender days from the date of commencement.<br>**Phase II**: Warrenty, Operation and Maintenance Works: 1825 calender days from the date of issuance of Taking Over Certificate. |
| **Latent Defects Liability Period** | | 10 years from the date of issuance of Taking Over Certificate. |
| **ठेक्का सम्झौता रकम** | रु. ७ अर्ब ३४ करोड २१ लाख ४ हजार ७३४.१४( भ्याट र पिएस सहित) | |
| **प्रगति विवरणः** (२०८१ असार मसान्तसम्म) | भौतिक प्रगतिः | १५ प्रतिशत |
| | वित्तीय प्रगतिः | २३.८ प्रतिशत |
| **रोजगारीको अवस्थाः** | स्वदेशी | महिला : ३ जना, पुरुष : १७५ जना |
| | विदेशी | महिला : -, पुरुष : २२ जना |

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरुः**

- निर्माण कार्यले गर्दा यात्रामा कठिनाई ।
- रोजगारी सिर्जनामा सकारात्मक प्रभाव परेको ।

**आयोजनाका सम्भावनाहरुः**

यस सुरुङ मार्ग निर्माण सम्पन्न भए पश्चात् बुटवल-पाल्पा सडक यात्रा सहज भई बुटवल र पाल्पा जिल्लालाई पर्यटन केन्द्रको रुपमा विकास गर्न सकिनेछ ।

**आयोजनाका समस्या तथा चुनौतीहरु:**

- भौगोलिक हिसावले अति जटिल क्षेत्र हुनाले बाह्रै महिना निर्माण कार्य गर्न समस्या हुनु ।
- स्वदेशी दक्ष जनशक्तिको अभाव हुनु ।

### ६.१.४ सिक्टा सिँचाई आयोजना

सिक्टा सिँचाइ आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित छ । बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी उक्त जिल्लाका हालका राप्तीपश्चिम रहेका ६ वटा गाउँपालिका, कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिका र राप्ती पूर्वतर्फ रहेको राजकुलो सिँचाइ योजना समेतगरी यस आयोजनाबाट कुल ४२,७६६ हेक्टर कृषि योग्य भूमिमा सिँचाई उपलब्ध गराउने लक्ष्य रहेको छ ।

| | | |
|---|---|---|
| **आयोजना अवधि:** | शुरु मिति: | आ.व. २०६२/६३ |
| | सम्पन्न हुने मिति: | आ.व. २०८९/९० (संशोधित गुरुयोजना बमोजिम) |
| आयोजनाको लागत | ५२ अर्ब ८९ करोड (संशोधित गुरुयोजना बमोजिम) | |
| **प्रगति विवरण:** (२०८१ असार मसान्तसम्म) | भौतिक प्रगति: | ४१.५८ प्रतिशत |
| | वित्तीय प्रगति: | ४०.६२ प्रतिशत |
| **रोजगारीको अवस्था:** | स्वदेशी | महिला : ११ जना, पुरुष : ८१ जना |
| | विदेशी | महिला : - , पुरुष : - |

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरु:**

- आयोजनाले रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै आन्तरिक पर्यटन विस्तारमा टेवा पुगेको ।
- बाढीको जोखिम न्यूनिकरण गर्नुका साथै सिँचाइको प्रभावकारी व्यवस्थापनले दीगो कृषि अभ्यासलाई प्रोत्साहित गरेको ।

**आयोजनाका समस्या तथा चुनौतीहरु:**

- निर्माण कार्यका लागि जग्गा अधिग्रहणमा समस्या देखिनुका साथै निर्माण भएको नहर समेत अतिक्रमित (डुण्डुवा नहर ढलको रुपमा) भएको ।
- राष्ट्रिय निकुञ्जभित्र कार्य गर्नुपर्दा निर्माण सामाग्री र वन्यजन्तुको समस्या ।

### ६.१.५ बबई सिँचाइ आयोजना

बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर कृषि योग्य क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य रहेको बबई सिँचाइ आयोजना बारबर्दिया-१०, बर्दियामा पर्दछ । यस आयोजना सम्पन्न भएपश्चात लुम्बिनी प्रदेशको बर्दिया जिल्लाका बारबर्दिया न.पा., बाँसगढी न.पा., गुलरिया न.पा., ठाकुरबाबा न.पा., मधुवन न.पा. र बढैयाताल गा.पा.मा सिँचाइ सुविधा पुग्नेछ ।

| | | |
|---|---|---|
| **आयोजना अवधिः** | शुरु मितिः | आ.व. २०४५/४६ |
| | सम्पन्न हुने मितिः | आ.व.२०८२/८३ |
| आयोजनाको लागत | रु.१८ अर्ब ९६ करोड ३० लाख चौवालिस हजार | |
| **प्रगति विवरणः** (२०८१ असार मसान्तसम्म) | भौतिक प्रगतिः | ७२.२२ प्रतिशत |
| | वित्तीय प्रगतिः | ७०.८७ प्रतिशत |
| **रोजगारीको अवस्थाः** | स्वदेशी | महिला : १४० जना, पुरुष : ३५० जना |
| | विदेशी | महिला : -, पुरुष : - |

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरुः**

- किसानहरु व्यवसायिक कृषितर्फ उन्मुख भएकाले कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भई कृषकहरुको रोजगारी र आय आर्जनमा वृद्धि भएको ।
- बाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचनाहरुको संरक्षण भएको ।

**आयोजनाका समस्या तथा चुनौतीहरुः**

- हरेक वर्ष ७ महिना नहरमा पानी सञ्चालन गर्नुपर्ने भएकाले बाँकी ५ महिनामा मात्रै नहर निर्माण गर्नुपर्ने हुँदा वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गर्न गाह्रो हुनु ।
- जग्गा प्राप्तिमा सामाजिक तथा प्रक्रियागत जटिलता एवम् मुआब्जा दर निर्धारणमा कठिनाई हुनु ।
- राष्ट्रिय निकुञ्जभित्र कार्य गर्नुपर्दा निर्माण सामाग्री र वन्यजन्तुको समस्या हुनु ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- देशकै मुख्य सडक नारायणघाट-बुटवल, बुटवल-गोरुसिंगे र भालुबाङ-लमही सडक खण्डको स्तरोन्नति गरी पूर्ण रुपमा सुचारु गर्नु ।
- बुटवल–तानसेन, तानसेन–तम्घास सडकको स्तरोन्नति गरी सुरक्षित सडक यात्रा बनाउन ।
- विगत लामो समयदेखि सुरु भएका सिंचाइ आयोजनाहरु सम्पन्न गरी कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नु ।
- शहर बस्तीलाई व्यवस्थित गर्दै अत्यावश्यक पूर्वाधारहरु निर्माण गर्नु ।

### सम्भावना

- निर्माणाधीन पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपश्चात् यस प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रमा थप विस्तार हुन सक्ने ।
- यस प्रदेशमा गिट्टी, बालुवा, सिमेन्ट, फलामे छड लगायतका निर्माण सामाग्रीको प्रशस्त सम्भावना रहेकाले न्यून लागतमा गुणस्तरीय पूर्वाधार निर्माण हुन सक्ने ।
- यस प्रदेशमा तराई क्षेत्रमा विद्युतीय सवारी साधनहरुका लागि चाहिने पूर्वाधारहरु निर्माण गरी विद्युतीय सवारी साधन संचालन गर्न सकेमा पेट्रोलियम पदार्थको प्रतिस्थापन हुन सक्ने ।

## ६.३ रोजगारी

### ६.३.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा ९८ हजार ८ सय २५ जना सूचीकृत बेरोजगार रहेका छन् । जसमध्ये पुरुष ३३ हजार १ सय ५८, महिला ६५ हजार ६ सय ६० जना र अन्य ७ जना रहेका छन् । कुल सूचीकृत बेरोजगार मध्येबाट ८७२९ जनालाई यस कार्यक्रम अन्तर्गत कुल ७,००,५४७ दिनको रोजगारी प्रदान गरिएको छ । यस कार्यक्रम अन्तर्गत १७३७ आयोजनाहरु सञ्चालनमा रहेका छन् (तालिका ६.२) ।

**तालिका ६.२: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ को वार्षिक रोजगारी विवरण**

| सूचीकृत बेरोजगार | | | | रोजगारीमा संलग्न व्यक्ति | जम्मा रोजगारी दिन | आयोजना सङ्ख्या |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | अन्य | जम्मा | | | |
| ६५६६० | ३३१५८ | ७ | ९८८२५ | ८७२९ | ७००५४७ | १७३७ |

स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम

जिल्लागतरुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा सूचीकृत बेरोजगार युवाहरुको सङ्ख्या सबैभन्दा बढी बर्दियामा १५ हजार ६ सय ६८ जना रहेको छ भने सबैभन्दा कम नवलपरासी (ब.सु.प.)मा २ हजार ७ सय १९ जना रहेको छ (तालिका ६.३) ।

**तालिका ६.३: आ.व. २०८०/८१ को वार्षिक जिल्लागत रोजगारीको विवरण**

| जिल्ला | आयोजना संख्या | सूचीकृत बेरोजगार सङ्ख्या | रोजगारीमा संलग्न व्यक्ति | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| रुपन्देही | १७७ | ६९६६ | १२२९ | ८३३९९ |
| कपिलवस्तु | ११८ | ५५१३ | ७५१ | ४९६४२ |
| नवलपरासी (ब.सु.प.) | १०५ | २७१९ | ४३९ | ३८३८२ |
| पाल्पा | १३२ | ६५४२ | ७१८ | ६९९७३ |
| गुल्मी | ३३५ | १२४४१ | १००४ | ८४६९५ |
| अर्घाखाँची | १३७ | ८६२६ | ४९० | ४८६८८ |
| रोल्पा | २०२ | १०१३९ | ८०२ | ७५३६४ |
| प्यूठान | १५८ | १२०४० | ७३६ | ६९५१९ |
| बाँके | ५६ | ५७७७ | ५९७ | ३४६१७ |
| बर्दिया | १५१ | १५६६८ | ८१६ | ५८६७२ |
| दाङ | १०५ | ८००० | ८४७ | ६२४५५ |
| रुकुमपूर्व | ६१ | ४३९४ | ३०० | २५१४१ |
| **जम्मा** | **१७३७** | **९८८२५** | **८७२९** | **७००५४७** |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, आ.व. २०८०/८१*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### चुनौती

- कृषि, पर्यटन तथा उत्पादनमूलक क्षेत्रहरुको पहिचान तथा सोहि अनुरुप नीतिगत सुधार गरी आन्तरिक रोजगार सिर्जना गर्नु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरुबीच सामञ्जस्यता कायम गर्दै रोजगारी सिर्जना गर्नु ।

- सरकारका तीनै तह, निजी क्षेत्र र गैर-सरकारी संस्थाका विभिन्न निकायहरुबीच आवश्यक तालमेल गर्दै प्रभावकारी एवम् गुणस्तरीय व्यावसायिक तालिम तथा प्रशिक्षण कार्यक्रममार्फत रोजगारी सिर्जना गर्नु ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उच्च प्रतिफलयुक्त बनाउनु ।

**सम्भावना**

- यस प्रदेशको नीति तथा कार्यक्रममा समाविष्ट पढ्दै कमाउँदै तथा कमाउँदै पढ्दै कार्यक्रम, एकीकृत रोजगार पोर्टल, वनजन्य उद्यमको विकास, बेरोजगारी समस्याको निकास जस्ता कार्यक्रमहरुको कार्यान्वयन पश्चात् रोजगारी विस्तार हुने ।
- युवा केन्द्रित मुख्यगरी शैक्षिक बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई ऋण सुविधा उपलब्ध गराउने नीतिका कारण थप रोजगारी सिर्जना हुने ।
- भैरहवा विशेष आर्थिक क्षेत्रको थप विकास गर्ने सरकारको नीति हुनु, थप उद्योगहरु स्थापनाका लागि दर्ता हुनु, विद्युतको सहज आपूर्तिका लागि सवस्टेशन समेत निर्माण हुनु जस्ता कारणहरुले औद्योगिक क्षेत्रमा थप रोजगारी बढ्ने ।
- यस क्षेत्रमा निर्माण सम्पन्न भई सञ्चालनमा आएका दुई केबलकारहरु, होटलहरु, उद्योगहरु पूर्ण रुपमा सञ्चालन हुन सके थप रोजगारी सिर्जना हुने ।

# परिच्छेद ७
# प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

### ७.१.१ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८०/८१ का लागि लुम्बिनी प्रदेश सरकारले कुल बजेट रु.४० अर्ब ४७ करोड ९७ लाख विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार २०८१ असार मसान्तसम्ममा विनियोजनको ६६.०५ प्रतिशत अर्थात् रु.२६ अर्ब ४३ करोड ६७ लाख खर्च भएको छ। गत आर्थिक वर्षमा विनियोजित बजेटको ८८.९४ प्रतिशत खर्च भएको थियो (तालिका ७.१)।

**तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति** *(रु. दश लाखमा)*

| शीर्षक | उप–शीर्षक | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| बजेट | चालु | १०,५००.८८ | १३,६३३.१० | २९.८३ |
| | पुँजीगत | १९,१११.७५ | २३,२५६.९० | २१.६९ |
| | वित्तीय | ४,४८६.१२ | ३,५८९.७० | -१९.९८ |
| जम्मा | | ३४,०९८.७५ | ४०,४७९.७० | १८.७१ |
| खर्च | चालु खर्च | १२,५८९.१६ | १०,४१८.९२ | -१७.२४ |
| | पुँजीगत खर्च | १७,७३८.०५ | १६,०१७.८० | -९.७० |
| | वित्तीय खर्च | | | |
| जम्मा | | ३०,३२७.२१ | २६,४३६.७२ | -१२.८३ |
| राजस्व | कर राजस्व | ११,०१९.०९ | ११,८२८.१० | ७.३४ |
| | गैर कर राजस्व | १,४५४.७३ | १,८४८.२० | २७.०५ |
| | अन्य | ८३६.५५ | ३५३.९३ | -५७.६९ |
| जम्मा | | १३,३१०.३७ | १४,०३०.२३ | ५.४१ |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | ७,४७३.९९ | ६,०३८.७१ | -१९.२० |
| | समपूरक | ७३९.०० | ८४०.०० | १३.६७ |
| | विशेष | ४८३.५० | ५६०.०० | १५.८२ |
| | सशर्त | ६,३२०.७२ | ४,६८४.७६ | -२५.८८ |
| सवारी साधन कर राजस्व हस्तान्तरण | प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण | ९६८.२१ | १,०९५.८७ | १३.१९ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*

आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँडबाट गरी कुल रु.२० अर्ब ८४ करोड ५५ लाख राजश्व परिचालन हुने अनुमान गरिएकोमा २०८१ असार मसान्तसम्म रु. १४ अर्ब ३ करोड राजश्व परिचालन भएको छ, जुन कुल लक्षित राजश्वको ६७.३० प्रतिशत मात्र हो। जसमा कर राजश्व, गैरकर राजश्व तथा अन्य राजश्व क्रमश: ८४.३० प्रतिशत, १३.१७ प्रतिशत र २.५२ प्रतिशत रहेको छ (तालिका ७.१)।

यसैगरी, समीक्षा वर्षमा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु. १५ अर्ब ३८ करोड अनुदान प्राप्त गर्ने अनुमान गरिएकोमा २०८१ असार मसान्तसम्ममा कुल रु.१२ अर्ब १२ करोड ३४ लाख अनुदान प्राप्त गरेको छ जुन लक्षित अनुदानको ७८.८३ प्रतिशत हो। जसमध्ये, समानीकरण

अनुदान रु.६ अर्ब ३ करोड ८७ लाख र सशर्त अनुदान रु.४ अर्ब ६८ करोड ४७ लाख प्राप्त भएको छ भने प्रदेशले संघबाट समपूरक र विशेष अनुदानको रुपमा क्रमश: रु.८४ करोड र रु.५६ करोड प्राप्त भएको छ (तालिका ७.१) ।

### ७.१.२ आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित बजेट

लुम्बिनी प्रदेश सरकारले ***समृद्ध लुम्बिनी: आत्मनिर्भर प्रदेश*** को सपना साकार पार्ने उद्देश्यले आर्थिक वर्ष २०८१/८२ को लागि जारी गरेको बजेटका मुख्यतया: ६ वटा उद्देश्यहरु रहेका छन्: (क) प्रदेशको समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउँदै उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि सहितको आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकासमा जोड दिने, (ख) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच मार्फत मानव विकासमा जोड दिने, (ग) भौतिक पूर्वाधारको परिमाण र गुणस्तर अभिवृद्धि गर्दै समृद्धिका सम्भाव्य क्षेत्रहरु पहिचान गर्ने, (घ) स्थानीय श्रम, सीप र उद्यमशिलता प्रवर्द्धन गर्दै व्यावसायिक कृषि, स्वरोजगारमूलक उद्योग र प्रतिस्पर्धात्मक व्यापारको विकासबाट आत्मनिर्भरतातर्फ उन्मुख गराउने, (ङ)पर्यटन क्षेत्रको प्रवर्द्धन गरी प्रदेशभरि रोजगारीका अवसरहरु सिर्जना गर्ने, (च) सन्तुलित विकासको अवधारणाका आधारमा ग्रामीण क्षेत्रको सर्वाङ्गीण विकासलाई प्राथमिकता दिँदै क्षेत्रीय असन्तुलन घटाउने ।

| आर्थिक वर्ष २०८१/८२ को बजेटका प्राथमिकता |
|---|
| (क) सुशासन, सार्वजनिक सेवा प्रवाह, सामाजिक न्याय र मानव विकास |
| (ख) गुणस्तरीय र दिगो भौतिक पूर्वाधारको सन्तुलित विकास र पर्यटन प्रवर्द्धन |
| (ग) अनुसन्धानमूलक उच्च शिक्षा तथा गुणस्तरीय स्वास्थ्य सेवा |
| (घ) कृषिको व्यावसायीकरण, सीप विकास तथा रोजगारी सिर्जना |
| (ङ) प्रविधि, उद्यमशिलता र औद्योगिक उत्पादकत्वमा वृद्धि |

बजेटका उपरोक्त उद्देश्य हासिल गर्न प्रदेश सरकारले रु.३८ अर्ब ९७ करोडको अनुमानित बजेट पेश गरेको छ । यो रकम गत वर्षको तुलनामा ३.७१ प्रतिशतले कम हो । कुल विनियोजनमध्ये चालुतर्फ रु.११ अर्ब २४ करोड २७ लाख अर्थात् २८.८७ प्रतिशत र पुँजीगततर्फ रु.२४ अर्ब ५८ करोड ५९ लाख अर्थात् ६३.०९ प्रतिशत र वित्तीय हस्तान्तरणका लागि रु.३ अर्ब १४ करोड १३ लाख अर्थात् ८.०६ प्रतिशत रहेको छ ।

चालु वर्षमा खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु.७ अर्ब ५१ करोड २१ लाख, संघबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु.१२ अर्ब १ करोड ५० लाख, संघबाट प्राप्त हुने रोयल्टी रु.५० करोड १७ लाख, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व रु.२ अर्ब ९२ करोड १९ लाख हुने अनुमान रहेको छ । त्यस्तै गरी संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.८ अर्ब २८ करोड ६४ लाख, सशर्त अनुदानबाट रु.४ अर्ब १९ करोड ३३ लाख, समपूरक अनुदानबाट रु.७९ करोड ५० लाख, विशेष अनुदानबाट रु.७४ करोड ४६ लाख, आर्थिक वर्ष २०८०/८१को नगद मौज्दातबाट रु.२ अर्ब परिचालन हुने अनुमान रहेको छ ।

## ७.२ स्थानीय तहको बजेटको प्रगति अवस्था

### खर्च

समीक्षा वर्षमा छनौटमा परेका ४ उप-महानगरपालिका र १ नगरपालिकाको एकीकृत कुल खर्च गत आर्थिक वर्षको तुलनामा ४.१४ प्रतिशतले ह्रास भई रु.७ अर्ब २० करोड ४१ लाखमा सीमित भएको छ । स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा कुल अनुमानित खर्चको सबैभन्दा धेरै घोराही उप-महानगरपालिकाले ८४.६४ प्रतिशत र सबैभन्दा कम सिद्धार्थनगर नगरपालिकाले ६८.७४ प्रतिशत खर्च गरेका छन् (तालिका ७.२) ।

**तालिका ७.२: आ.व. २०८०/८१ मा छनौटमा परेका स्थानीय तहहरुको खर्च स्थिति (रु.दश लाखमा)**

| स्थानीय तह | अनुमानित खर्च | वास्तविक खर्च | वास्तविक खर्च (प्रतिशत) |
|---|---|---|---|
| सिद्धार्थनगर नगपालिका | ११४१.५२ | ७८४.६९ | ६८.७४ |
| बुटवल उप-महानगरपालिका | २३८१.४५ | १६९३.६५ | ७१.१२ |
| तुलसीपुर उप-महानगरपालिका | १७९४.५७ | १५०६.८८ | ८३.९७ |
| घोराही उप-महानगरपालिका | २०६७.२४ | १७४९.६३ | ८४.६४ |
| नेपालगञ्ज उप-महानगरपालिका | १८५४.६९ | १४६९.३४ | ७९.२२ |
| **कुल खर्च रकम** | **९२३९.४७** | **७२०४.१९** | **७७.९७** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

## राजश्व

छनौटमा परेका स्थानीय तहहरुमा समीक्षा वर्षमा कुल राजश्व संकलन गत वर्षको तुलनामा ३.८३ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ८ करोड ११ लाख भएको छ । कुल राजश्व संकलनको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा स्थानीय तहहरुले कुल अनुमानित राजश्वको ८४.८१ प्रतिशत संकलन गरेका छन् जसमध्ये सबैभन्दा धेरै नेपालगञ्ज उपमहानगरपालिकाले १००.१३ प्रतिशत र सबैभन्दा कम बुटवल उपमहानगरपालिकाले ६४.७२ प्रतिशत राजश्व संकलन गरेको छ (तालिका ७.३) ।

**तालिका ७.३: आ.व. २०८०/८१ मा छनौटमा परेका स्थानीय तहहरुको राजश्व तथा अनुदान (रु.दश लाखमा)**

| स्थानीय तह | अनुमानित राजश्व | वास्तविक राजश्व | राजश्व संकलन (प्रतिशत) |
|---|---|---|---|
| सिद्धार्थनगर नगरपालिका | १९९.५० | १३९.५० | ६९.९२ |
| बुटवल उपमहानगरपालिका | ८१०.०० | ५२४.२५ | ६४.७२ |
| तुलसीपुर उपमहानगरपालिका | २१०.०० | १९५.०४ | ९२.८८ |
| घोराही उपमहानगरपालिका | ३६०.०० | ३४६.७८ | ९६.३३ |
| नेपालगञ्ज उपमहानगरपालिका | ८७४.४१ | ८७५.५६ | १००.१३ |
| **जम्मा** | **२४५३.९१** | **२०८१.१३** | **८४.८१** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

## अनुदान तथा हस्तान्तरण

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा वर्षमा कुल अनुदान तथा हस्तान्तरण रकम गत वर्षको तुलनामा ११.८६ प्रतिशतले ह्रास भई रु.४ अर्ब १९ करोड ७७ लाखमा सीमित भएको छ । कुल अनुदान तथा हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदान क्रमश: १३.७६ प्रतिशत, ३२.४३ प्रतिशत, ४८.९२ प्रतिशत र ८.३० प्रतिशतले ह्रास भएको छ (तालिका ७.४) ।

**तालिका ७.४: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण (रु.दश लाखमा)**

| उप-शिर्षक | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| समानीकरण | १५३४.१३ | १३२३.०५ | – १३.७६ |
| समपूरक | १३९.९१ | ९४.५४ | – ३२.४३ |
| विशेष | १३३.३१ | ६८.०९ | – ४८.९२ |
| सशर्त | २९५५.३९ | २७१०.०६ | – ८.३० |
| अन्य | – | १.९७ | |
| **कुल अनुदान तथा हस्तान्तरण** | **४७६२.७४** | **४१९७.७१** | **– ११.८६** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

# परिच्छेद ८

## आर्थिक परिदृष्य

आगामी आर्थिक वर्षमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रहरुमा देहायको प्रक्षेपण रहेको छ ।

### ८.१ कृषि **उत्पादन**

- लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रममा बाह्रै जिल्लामा साना सिँचाइ आयोजनामार्फत् ३०० हेक्टर सिंचित क्षेत्र विस्तार कार्यक्रम रहनुका साथै, कृषि सहकारीमार्फत् कृषि प्रसार, विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र जस्ता विभिन्न आधुनिक कृषि कार्यक्रमहरुका कारण कृषकहरु कृषि पेशामा थप आकर्षित हुँदै गएकाले आगामी वर्षमा खाद्य तथा अन्य बाली एवम् तरकारीको उत्पादनमा वृद्धि हुने ।

- लुम्बिनी प्रदेशका आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा पशुपन्छीतर्फ गाई, भैंसी, बाख्रा, भेडा बंगुर तथा माछा पालन व्यवसायहरुलाई जिल्लागत रुपमा प्रवर्द्धन गर्ने कार्यक्रम रहेका कारण दुध, मासु, माछा तथा अण्डाको उत्पादन वृद्धि हुने ।

- यस प्रदेशका विभिन्न जिल्लाहरुमा फलफूलको क्षेत्र विस्तार हुनुका साथै ड्रागन तथा सुन्तला जातका फलफूलहरुको खेतीमा किसानहरुको आकर्षण बढेका कारण आगामी वर्षमा फलफूलको उत्पादन सामान्य वृद्धि हुने ।

- संघीय र प्रदेश सरकारमार्फत् जडिबुटी विरुवा उत्पादन तथा वितरण, पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार कार्यक्रम संचालन हुँदै आएको र वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्न लुम्बिनी प्रदेश सरकारबाट ऐन, नियम तथा कार्यविधि र बजेट समेत विनियोजन भएकाले वनजन्य उत्पादन वृद्धि हुने ।

### ८.२ औद्योगिक उत्पादन

- संघीय बजेटमा लुम्बिनीलाई साना तथा मझौला उद्यमको हवको रुपमा विकास गर्ने र लुम्बिनी प्रदेश सरकारको बजेटमा बिजनेस इन्कुबेसन सेन्टरको स्थापनामार्फत् स्टार्ट अप व्यवसायलाई प्रवर्द्धन गर्ने कार्यक्रम रहेको । साथै, लुम्बिनी प्रदेश नीति तथा कार्यक्रममा स्थानीय रुपमा प्राप्त हुने कच्चा पदार्थबाट निर्माण हुने हस्तकला सामाग्रीको गुणस्तरीय उत्पादनको लागि युवालाई तालिम प्रदान गरी उद्योग स्थापना गर्न प्रोत्साहन गरिने र पुँजीको अभावमा उद्योग स्थापना, संचालन तथा स्तरोन्नति गर्न नसकेका लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास कोषबाट अनुदान दिने कार्यलाई निरन्तरता दिने कार्यक्रमका कारण आगामी वर्ष औद्योगिक एवम्  घरेलु उत्पादन बढ्ने ।

- आर्थिक वर्ष २०८१/८२ को संघीय वजेटमा पछिल्लो समय भारतीय बजारमा निर्यात हुने सिमेन्ट लगायतका वस्तुहरुको निर्यात प्रवर्द्धन गर्ने व्यवस्था भएकाले सिमेन्ट उद्योगको हवको रुपमा रहेको लुम्बिनी प्रदेशका  सिमेन्ट उद्योगहरुको क्षमता उपयोग वृद्धि हुने ।

### ८.३ सेवा क्षेत्र

- यस प्रदेशमा होटल तथा रेष्टुरेन्ट व्यवसाय विस्तार हुदै जानु र पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकहरुको आवागमन समेत बढ्दै गएकोले आगामी वर्षमा पर्यटकहरुको सङ्ख्यामा वृद्धि भई पर्यटकीय गतिविधि बढ्ने ।

- पछिल्लो समयमा युरोप, अस्ट्रेलिया तथा अमेरिका जाने क्रम बढेको र उक्त देशहरुमा अध्ययन तथा रोजगारीका लागि जाने नागरिकहरु एवं परिवार समेत विदेशमै बसोबास गर्ने बढ्दो प्रवृत्तिले आगामी वर्षमा पनि घरजग्गा कारोवारमा प्रतिकूल असर पार्ने ।
- लुम्बिनी प्रदेशका सबै स्थानीय तहहरुमा बैंक तथा वित्तीय संस्थाको पहुँच रहेको र पछिल्लो समय डिजिटल बैंकिङ सेवा समेत विस्तार भएकाले बैकिङ सेवा थप सहज हुने ।

## ८.४ पूर्वाधार क्षेत्र

- लुम्बिनी प्रदेशमा निर्माणाधीन प्रदेशका प्रमुख आयोजनाको रुपमा रहेको नारायणघाट बुटवल सडक, सिद्धबाबा सुरुङ मार्ग, सिक्टा सिँचाई आयोजना, बबई सिँचाई आयोजना, लुम्बिनी प्रादेशिक अस्पताल आदिको निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढेको हुँदा पूर्वाधारको क्षेत्रमा सकरात्मक प्रभाव पर्ने ।
- यस प्रदेशमा बढ्दो विद्युतीय सवारी साधनहरुसँगै चार्जिङ स्टेशन समेत विस्तार भएका कारण यस प्रदेशभित्र सुलभ र सहज यातायात सेवाको पहुँच अभिवृद्धि हुने ।
- सिद्धार्थ केवलकार, लुम्बिनी केवलकार, कालिगण्डकी कोरिडोर जस्ता पूर्वाधारले यस क्षेत्रमा पर्यटन क्षेत्रको विस्तार भई थप रोजगारी समेत सिर्जना हुने ।